# मध्यमकालीन खर्च संरचना

(आ.व.२०८१/८२-२०८३/८४)

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार
कोशी प्रदेश, विराटनगर, नेपाल

आर्थिक मामिला तथा योजना मन्त्री

## मन्तव्य

सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण औजार मध्यमकालीन खर्च संरचनाले वार्षिक बजेट र आवधिक योजना बीच पुलको काम गर्दछ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ अनुसार प्रत्येक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा आवधिक योजनाको आधारमा आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लिखित ऐन तथा नियमावलीको व्यवस्था कार्यान्वयन गर्न आर्थिक वर्ष २०८१/८२-२०८३/८४ सम्मको लागि मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरिएको छ ।

**"सुशासन, सामाजिक न्याय र समृद्धि"** हासिल गर्ने सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को सोच, प्रादेशिक आवधिक योजनाको सोच, समष्टिगत लक्ष्य एवम् उद्देश्य पूरा गर्न र सन् २०३० सम्ममा प्राप्त गर्नुपर्ने दिगो विकास लक्ष्य हासिल गर्नका लागि कुशतापूर्वक स्रोत परिचालनको आधारको रुपमा यो दस्तावेज तयार गरिएको छ। यसले विभिन्न मन्त्रालय तथा निकायलाई आवश्यक वित्तीय स्रोत सहित सार्वजनिक वित्तको पूर्वानुमान गर्न सहयोगी हुने विश्वास लिएको छु।

यो दस्तावेज तयार गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालयका कर्मचारीहरू, प्रदेश योजना आयोगका पदाधिकारी एवं कर्मचारीहरू र विभिन्न विषयगत मन्त्रालय/निकायका पदाधिकारी तथा कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

असार, २०८१

राम बहादुर मगर
आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश सरकार
प्रदेश योजना आयोग
कोशी प्रदेश
विराटनगर, नेपाल

उपाध्यक्ष

# मन्तव्य

कोशी प्रदेशको मध्यमकालीन खर्च संरचना २०८१/८२-२०८३/८४ तयार गर्ने कार्यमा समन्वय गर्न पाउँदा मलाई अत्यन्त हर्षको अनुभूति भएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन२०७८ र नियमावली २०७९ अनुसार यो दस्तावेज तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनाले प्रदेशको आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्दै कार्य सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

दीगो विकास लक्ष्यमैत्री यो दस्तावेजले नेपाल सरकारको राष्ट्रिय अभीष्ट "समृद्ध नेपाल, सुखी नेपाली" तथा कोशी प्रदेश सरकारको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" र दोस्रो आवधिक योजनाको सोच "सुशासित, खुसी, आर्थिकरुपले गतिशील र समुन्नत प्रदेश" को लक्ष्य र उद्देश्य प्राप्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस मध्यमकालीनखर्च संरचनाले आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्नुका साथै प्रदेशको समग्र विकास र समृद्धिलाई गति प्रदान गर्ने विश्वास लिएको छु ।

अन्तमा, प्रदेशको मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोग पुऱ्याउनु हुने आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, विभिन्न विषयगत मन्त्रालय/निकायका पदाधिकारी एवम् राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

असार, २०८१

डा. राजेन्द्र अधिकारी
उपाध्यक्ष

# प्रदेश योजना आयोग, कोशी प्रदेश

| | |
|---|---|
| १. माननीय मुख्यमन्त्री हिक्मत कुमार कार्की | -अध्यक्ष |
| २. डा. राजेन्द्र अधिकारी | -उपाध्यक्ष |
| ३. डा. सीताराम बस्नेत | -सदस्य |
| ४. श्री किशोर कुमार राई | -सदस्य |
| ५. श्री भवानी प्रसाद बराल | -सदस्य |
| ६. श्री नमिता न्यौपाने | -सदस्य |
| ७. श्री केदारनाथ शर्मा, प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| ८. श्री श्याम प्रसाद भण्डारी, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| ९. श्री मिमांस अधिकारी, सचिव, प्रदेश योजना आयोग | -सदस्य सचिव |

# विषय सूची


**परिच्छेद १ मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा प्रक्रिया ........ १**
१.१ पृष्ठभूमि ........ १
१.२ अवधारणा तथा उद्देश्य ........ १
१.३ संस्थागत व्यवस्था ........ २
१.४ मध्यमकालीन खर्च संरचनाको अभ्यास ........ ३
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ ४
१.६ बजेट तथा कार्यक्रम तर्जुमा समय तालिका ........ ५
**परिच्छेद २ मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२-२०८३/८४) ........ ८**
२.१ पृष्ठभूमि ........ ८
२.२ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण ........ ८
२.३ विभिन्न सूचक अनुसार बजेट अनुमान तथा प्रक्षेपण ........ १३
२.४ अन्तर-सरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण ........ १४
**परिच्छेद ३ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ........ १६**
३.१ सुशासन तथा क्षमता विकास ........ १६
३.२ मानवअधिकार ........ १६
३.३ प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ........ १७
३.४ प्रदेश लगानी प्राधिकरण ........ १७
**परिच्छेद ४ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ १९**
४.१ कानून तथा शान्ति सुरक्षा ........ १९
४.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ १९
४.३ भूमि व्यवस्थापन तथा गुठी ........ १९
४.४ यातायात व्यवस्थापन ........ २०
४.५ सूचना तथा सञ्चार ........ २०
**परिच्छेद ५ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ २३**
५.१ आर्थिक मामिला तथा तथ्याङ्क ........ २३
५.२ गरिबी निवारण ........ २३
**परिच्छेद ६ सामाजिक विकास मन्त्रालय ........ २६**
६.१ शिक्षा ........ २६
६.२ लैङ्गिक समानता तथा महिला सशक्तिकरण ........ २६
६.३ सामाजिक समावेशीकरण ........ २६
६.४ सामाजिक सुरक्षा तथा संरक्षण ........ २७
६.५ ज्येष्ठ नागरिक ........ २७
६.६ अपाङ्गता भएका व्यक्ति ........ २७
६.७ बालबालिका तथा किशोर किशोरी ........ २७
६.८ युवा तथा खेलकुद ........ २८
६.९ गैरसरकारी क्षेत्र ........ २८
६.१० विज्ञान तथा प्रविधि ........ २८
६.११ श्रम तथा रोजगार ........ २९
६.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण ........ २९
**परिच्छेद ७ स्वास्थ्य मन्त्रालय ........ ३२**

७.१ स्वास्थ्य तथा पोषण ........ ३२
७.२ जनसङ्ख्या तथा बसाइँसराई ........ ३२
**परिच्छेद ८ भौतिक पूर्वाधार विकास मन्त्रालय ........ ३५**
८.१ यातायात पूर्वाधार विकास ........ ३५
८.२ भवन, आवास तथा शहरी विकास ........ ३५
**परिच्छेद ९ खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय ........ ३९**
९.१ खानेपानी तथा सरसफाइ ........ ३९
९.२ सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन ........ ३९
९.३ ऊर्जा ........ ४०
**परिच्छेद १० पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ ४३**
१०.१ वन, वातावरण तथा जलाधार व्यवस्थापन ........ ४३
१०.२ पर्यटन विकास ........ ४३
**परिच्छेद ११ उद्योग, कृषि तथा सहकारी मन्त्रालय ........ ४६**
११.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास ........ ४६
११.२ सहकारी क्षेत्र ........ ४६
११.३ उद्योग, वाणिज्य तथा आपूर्ति ........ ४६
११.४ खानी तथा खनिज सम्पदा ........ ४७
**परिच्छेद १२ प्रदेश सभा सचिवालय ........ ५०**
**परिच्छेद १३ प्रदेश योजना आयोग ........ ५२**
**परिच्छेद १४ प्रदेश लोक सेवा आयोग ........ ५४**
**परिच्छेद १५ मुख्य न्यायाधिवक्ताको कार्यालय ........ ५६**

# परिच्छेद १
# मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा प्रक्रिया

## १.१ पृष्ठभूमि

सार्वजनिक स्रोत साधनको प्रभावकारी र कुशल परिचालन गर्न विनियोजन कुशलता, वित्तीय अनुशासन र कार्यान्वयन दक्षताको परिपालन गराउने औजार मध्यमकालीन खर्च संरचना हो। आवधिक योजना, नीति तथा कार्यक्रम, वार्षिक विकास कार्यक्रमर वार्षिक बजेटबीच तादात्म्यता र सामञ्जस्यता कायम गर्नको लागि यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। दीर्घकालीन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली", सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को सोच "सुशासन, सामाजिक न्याय र समृद्धि" एवम् कोशी प्रदेशको दोस्रो आवधिक योजना र सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्न सार्वजनिक खर्चको कुशल परिचालन अपरिहार्य रहेको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१६) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व व्यवस्था गर्न बनेको ऐन,२०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९बमोजिमआर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत,आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफलसमेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्ने प्रधावधान रहेको छ।

## १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण औजारको रूपमा कार्य गर्ने मध्यमकालीन खर्च संरचनाले स्रोत साधनको आकलन गरी प्राथमिकताको क्षेत्रमा मध्यमकालीन अवधिको लागि स्रोतको बाँडफाँटसहित अनुमानको खाका तयार गर्दछ । गत आर्थिक वर्षको वास्तविक स्रोत अनुमान र खर्च अनुसार आगामी दुई वर्षको आर्थिक वर्षको बजेट प्रक्षेपण मार्फत मध्यमकालीन खर्च संरचनाको खाका तयार हुन्छ । चक्रीय हिसाबले प्रत्येक आर्थिक वर्षको संशोधित उपलब्धि सहित विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमानलाई मध्यनजर गरी आगामी तीन वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसले बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउँदै बजेटलाई राष्ट्रिय एवम् प्रादेशिक आवधिक योजनाको लक्ष्य, दिगो विकास लक्ष्य, लैङ्गिक सङ्केत र जलवायु सङ्केतको आधारमा अनुमान तथा प्रक्षेपण गर्दछ।

मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन् :-

क. सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने ।

ख. सरकारको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत र साधनको विनियोजन प्रक्रियाको पुनः संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने ।

ग. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

घ. सम्बन्धित मन्त्रालयको बजेट अनुमानयोग्य बनाउने ।

## १.३ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना तर्जुमामा देहाय बमोजिम संस्थागत व्यवस्था गरिएको छ :

### क. मध्यमकालीन खर्च संरचना तर्जुमा निर्देशक समिति

प्रदेशस्तरीय योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ मा व्यवस्था भए अनुसार मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहेको छ :

| | |
|---|---|
| मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | अध्यक्ष |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सदस्यहरू, प्रदेश योजना आयोग | सदस्य |
| प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| सचिवहरु, प्रदेशका विषयगत मन्त्रालय | सदस्य |
| सचिव, प्रदेश योजना आयोग | सदस्य-सचिव |

### ख. स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समिति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ मा स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिको व्यवस्था रहेको छ। अर्थतन्त्रको आर्थिक परिसूचकको विश्लेषण गरी समष्टिगत आर्थिक संरचनाको तयारी, आगामी तीन आर्थिक वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा स्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा निर्धारण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समिति रहेको छः-

| | |
|---|---|
| मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सदस्य, प्रदेश योजना आयोग (आर्थिक क्षेत्र हेर्ने) | सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव, प्रदेश योजना आयोग | सदस्य |
| प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |

प्रमुख/निर्देशक, नेपाल राष्ट्र बैंक, प्रादेशिक कार्यालय — सदस्य

बजेट तथा कार्यक्रम महाशाखा प्रमुख (आर्थिक मामिला तथा योजना मन्त्रालय) — सदस्य

वित्त व्यवस्थापन महाशाखा प्रमुख (आर्थिक मामिला तथा योजना मन्त्रालय) — सदस्य-सचिव

**ग. मध्यमकालीन खर्च संरचना प्राविधिक समिति**

प्रदेशस्तरीय योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ मा व्यवस्था भए अनुसार मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विभिन्न विषय/क्षेत्रगत प्राविधिक समिति रहने व्यवस्था गर्नुपर्ने हुन्छ ।

सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - संयोजक

बजेट तथा कार्यक्रम महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

प्रमुख, योजना तथा अनुगमन महाशाखा, सबै प्रादेशिक मन्त्रालय वा निकाय - सदस्य

महाशाखा प्रमुख, प्रदेश योजना आयोग - सदस्य-सचिव

**घ. मध्यमकालीन खर्च संरचना कार्यदल**

सम्बन्धित मन्त्रालय तथा आयोग/निकायमा देहाय बमोजिम मध्यमकालीन खर्च संरचना कार्यदल रहनेछ । सो कार्यदलले मन्त्रालय र मातहतका निकायका प्रत्येक क्रियाकलापको एकाइगत लागत आकलन गरी मध्यमकालीन खर्च संरचनाको खाका तर्जुमा र बजेट मस्यौदा तयार गर्ने कार्य गर्दछ ।

महाशाखा प्रमुख (योजना हेर्ने) - संयोजक

आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

मातहतका निकाय/निर्देशनालयको प्रतिनिधि - सदस्य

योजना तथा बजेट शाखा प्रमुख - सदस्य सचिव

## १.४ मध्यमकालीन खर्च संरचनाको अभ्यास

मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनको सुरुवात नेपालको दसौं आवधिक योजनादेखि भएको हो। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ ले मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनलाई अनिवार्य गरेको हुनाले यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको हो। कोशी प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) को अवधिमा पाँचवटा मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) को कार्यान्वयन सुरुवात वर्षमा यो पहिलो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### क. त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी

गत आर्थिक वर्षको सार्वजनिक खर्चको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचनाको आधारमा विषयक्षेत्रगत निकाय/मन्त्रालयसँग नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको आय-व्ययको प्रारम्भिक प्रतिवेदन तयार गर्नु पर्दछ । यसका साथै प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, राष्ट्रिय योजना/प्रादेशिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, वित्त परिचालनको सम्भावना, राजस्व तथा करको प्रक्षेपण, कार्यगत नीति र प्राथमिकताको आधारमा स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गर्नु पर्दछ ।

### ख. बजेट सीमा र मार्गदर्शन पठाउने

स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिले तयार गरेको बजेटको सीमाभित्र रही मन्त्रालयगत र क्षेत्रगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शनबमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी सिलिङ तथा मार्गदर्शन पठाइन्छ। सबै मन्त्रालय तथा निकायले बजेट सीमा र मार्गदर्शनको पालना गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ ।

### ग. आयोजना बैंक र आयोजनाको छनौट तथा प्राथमिकीकरण

प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० को आधारमा प्रदेशको आवश्यकता, विशिष्टता र सम्भाव्यता, कार्यान्वयन योग्यता र बढी प्रतिफलयुक्त विषयक्षेत्रगत आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र छनौट गरी आयोजना बैंकमा समावेश गर्नु पर्दछ। छनौट भएका परियोजनालाई प्राथमिकताक्रमको आधारमा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्दछ । यसरी समावेश गरिएको परियोजनामा आगामी आर्थिक वर्षको बजेट विनियोजन र थप दुई आर्थिक वर्षको खर्च तथा स्रोतको प्रक्षेपण गर्नुपर्दछ ।

### घ. मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव

विषयक्षेत्रगत मन्त्रालय/निकायले आफ्ना प्राथमिकीकरणका आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरेको सीमा/मार्गदर्शन भित्र रहेर छनौट भएका आयोजना/कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरिन्छ । यसरी तयार भएको बजेट प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्दछ ।

**ङ. विषयगत प्राविधिक समितिमा छलफल**

सोहौं राष्ट्रिय योजना, प्रदेशको एकल तथा साझा अधिकार सूची, प्रादेशिक ऐन कानून, प्रदेशको दोस्रो आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेशको आवश्यकता, सम्भावना तथा विशिष्टता र आयोजना बैंकको प्राथमिकतामा परेका आयोजना/कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना र बजेटमाथि सम्बन्धित विषयगत प्राविधिक समितिमा छलफल गरिन्छ ।

**च. मस्यौदा तयारी गरी प्रदेश सभामा पेस गर्ने**

विषयगत प्राविधिक समितिमा छलफल पश्चात् प्रस्ताव गरिएका आयोजना/कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचनालाई निर्देशक समितिबाट अन्तिम रुप दिई आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा बजेट पेश प्रस्ताव सँगै पेश गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गरिन्छ । यसरी स्वीकृत भएको मध्यमकालीन खर्च संरचना वार्षिक आय-व्ययको विवरण (बजेट) सँगै प्रदेश सभामा पेश गरिन्छ।

## १.६ बजेट तथा कार्यक्रम तर्जुमा समय तालिका

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, नियमावली, २०७९ प्रदेशस्तरीय आयोजना छनौट र आयोजना बैंक सम्बन्धी कार्यविधिहरुमा भएको प्रावधान अनुसार प्रदेशको बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमाको समय तालिका देहायअनुसार तयार गरिएको छ। कार्यतालिका अनुसार कार्य गर्दा समयमै र प्रभावकारी रुपमा सम्पन्न गर्न मद्यत पुग्दछ।

**तालिका १.१ बजेट तर्जुमा कार्यतालिका**

| क.सं. | क्रियाकलाप | समय सीमा | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| १. | आयोजना छनौट, आयोजना बैंक, बजेट तर्जुमा सम्बन्धी कानून परिमार्जन, बजेट तर्जुमा कार्यतालिका परिमार्जन | मंसीर मसान्तभित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोग |
| २. | आय-व्यय प्रक्षेपण गरिएको विवरण नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउने | पौष मसान्तभित्र | स्रोत अनुमान समिति/आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | संघ समपूरक र विशेष अनुदानको आयोजना/कार्यक्रम (राष्ट्रिय योजना आयोगमा) प्रस्ताव पेश | पौष/माघ भित्र | विषयगत मन्त्रालयहरु/आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४. | **प्रदेशस्तरीय आयोजना प्रस्ताव पेश गर्न सूचना आह्वान गर्न सकिने** (आयोजना माग फारम/स्थानीय तहको सिफारिस सहित सम्बन्धित कार्यालय/मन्त्रालयमा दर्ता गरिने) | पौष देखि माघसम्म | सबै मन्त्रालयहरु/ प्रदेश योजना आयोग |
| ५. | जिल्लागत रुपमा आयोजना तर्जुमा गोष्ठी सञ्चालन (प्रदेश सभा सदस्य, स्थानीय तह सहितको सहभागितामा) | फागुन १५ गते भित्र | सबै मन्त्रालय/ कार्यालयहरु/ प्रदेश योजना आयोग |
| ६. | आयोजना तर्जुमा गोष्ठीबाट प्रस्ताव/छनौट भएको आयोजनाहरु आयोजना बैंक प्रणालीमा प्रविष्ट गर्ने | फागुन मसान्तभित्र | सबै मन्त्रालय/ कार्यालयहरु/ प्रदेश योजना आयोग |

| क्र.सं. | क्रियाकलाप | समय सीमा | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| ७. | प्रस्तावित आयोजनाको सूची, बहुवर्षीय आयोजना सहित मध्यमकालीन खर्च संरचनाको खाका तयारी, बजेट तर्जुमाको प्रारम्भिक छलफल | चैत्र ७ गते भित्र | सबै मन्त्रालयहरु/ प्रदेश योजना आयोग/आ.मा.तथा यो.म. |
| ८. | स्थानीय तहमा समानीकरण अनुदान र सवारी साधन करको सीमा निर्धारण गरी वित्त आयोगमा पठाउने | चैत्र ७ गते भित्र | स्रोत अनुमान समिति/आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ९. | राजस्व परामर्श समिति/विषयगत समिति परिचालन, आर्थिक सर्वेक्षण तयारी सुरु र मन्त्रालयगत प्रगति प्रतिवेदन तयारी | चैत्र १५गते भित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १०. | स्रोत अनुमान र खर्चको सीमा निर्धारण | चैत्र १५गते भित्र | स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समिति |
| ११. | बजेट सीमा (सिलिङ) र मार्गदर्शन प्रदान | चैत्र २२ गते भित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १२. | संघ सशर्त अनुदानको आयोजना/कार्यक्रम प्रस्ताव पेश (गत र चालु आ.व.को प्रगति विवरण सहित) | चैत्र मसान्तभित्र | सबै मन्त्रालयहरु/ आर्थिक मामिला तथा योजना मन्त्रालय |
| १३. | स्थानीय तहको समपूरक अनुदान प्रस्ताव | चैत्र मसान्तसम्म | वित्त व्यवस्थापन महाशाखा |
| १४. | स्थानीय तहमा वित्तीय समानीकरण र सवारी साधन कर बाँडफाँटको सीमा पठाउने | चैत्र मसान्तसम्म | वित्त व्यवस्थापन महाशाखा |
| १५. | नीति तथा कार्यक्रममा समावेश गर्ने बुँदाहरु तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने | बैशाख मसान्तसम्म | सम्बन्धित मन्त्रालय/निकायका सचिव |
| १६. | आगामी बजेट तथा कार्यक्रममा राय, सुझाव संकलनका लागि सरोकारवालाहरुसँग छलफल | बैशाख मसान्तसम्म | आर्थिक मामिला तथा योजना मन्त्रालय/ सम्बन्धित मन्त्रालयहरु |
| १७. | बजेटमा समावेश गरिने आयोजना/कार्यक्रम छनौटका लागि छलफल,अन्तरक्रिया | बैशाख मसान्तसम्म | सम्बन्धित मन्त्रालय/निकायका सचिव, महाशाखा प्रमुख |
| १८. | स्थानीय तहलाई समपूरक अनुदानको आयोजना छनौट | बैशाख मसान्तसम्म | सचिव, महाशाखा प्रमुख (आ.मा. तथा यो.म.) |
| १९. | कार्यालय/निर्देशनालयबाट PLMBIS Data Entry रबजेट तथा कार्यक्रम तालुक मन्त्रालयमा पठाउने | बैशाख मसान्तसम्म | सम्बन्धित मन्त्रालय/निकाय अन्तरगतका निर्देशनालय/ कार्यालयहरु |
| २०. | राजस्व परामर्श समिति/विषयगत समितिको प्रतिवेदन प्राप्ति | जेष्ठ ७ गते भित्र | राजस्व परामर्श समिति |
| २१. | सम्बन्धित मन्त्रालयमा बजेट छलफल (मातहत कार्यालय/निर्देशनालय प्रमुखहरुको उपस्थितिमा) | जेष्ठ १ देखि जेष्ठ १५ गतेसम्म | सम्बन्धित मन्त्रालय/निकायका सचिव, महाशाखा प्रमुख |
| २२. | प्रदेश योजना आयोगसँग आयोजना/कार्यक्रमगत र MTEF का लागि छलफल(निर्धारित तालिका अनुसार) | जेष्ठ ७ देखि २० गतेसम्म | प्रदेश योजना आयोग र सम्बन्धित मन्त्रालयका सचिव |
| २३. | विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताका लागि बुँदाहरु आर्थिक मा. तथा यो. मन्त्रालयमा पठाउने | जेष्ठ ५ गतेसम्म | सम्बन्धित मन्त्रालय/निकायका सचिव |
| २४. | प्रदेश सभामा पूर्व बजेट छलफल (विनियोजन विधेयकमा समावेश हुने बजेटको सिद्धान्त र कार्यक्रमको प्राथमिकता प्रस्तुत) | जेष्ठ १४ गते अगावै | माननीय आर्थिक मामिला तथा योजना मन्त्री |
| २५. | सरकारको नीति तथा कार्यक्रम प्रस्तुत (तोकिएको | जेष्ठ २० गते | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को |

| क्र.सं. | क्रियाकलाप | समय सीमा | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| | समयमा) | अगावै | कार्यालय |
| २६. | PLMBIS मा बजेट तथा कार्यक्रम प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने | जेष्ठ २० गते भित्र | सम्बन्धित मन्त्रालय/निकायका सचिव |
| २७. | आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट तथा कार्यक्रम छलफल(तोकिएको समय तालिका अनुसार) | जेष्ठ १५ देखि जेष्ठ २७ गतेसम्म | सम्बन्धित मन्त्रालय/निकायका सचिव, महाशाखा प्रमुख, प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय |
| २८. | बजेट वक्तव्यको लागि बुँदाहरु आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने | जेष्ठ २० गते सम्म | सम्बन्धित मन्त्रालय/निकायका सचिव |
| २९. | आर्थिक विधेयक,विनियोजन विधेयक,वजेट वक्तव्य मस्यौदा तयारी | जेष्ठ २० देखि २७ गते सम्म | मन्त्री, सचिव, महाशाखा प्रमुखहरु (आ.मा. तथा यो.म.) |
| ३०. | आयोजना/कार्यक्रम प्रस्तावको निर्णय सहित बजेट प्रस्ताव अन्तिम रुप दिई आर्थिक मामिला तथा योजना मन्त्रालयमा PLMBIS मार्फत पठाइसक्ने। | जेष्ठ २८ गतेभित्र | सम्बन्धित मन्त्रालयका मन्त्री र सचिव |
| ३१. | बजेट तथा कार्यक्रम, रातो किताब, आर्थिक सर्वेक्षण, MTEF, मन्त्रालयगत प्रगति प्रतिवेदन (अन्तिम रुप दिने) PLMBIS मा अन्तिम रुप दिई प्रणाली बन्द गर्ने। | जेष्ठ २९ गते सम्म | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३२. | आर्थिक विधेयक, विनियोजन विधेयक, बजेट वक्तव्य, रातो किताब र MTEF प्रदेश सभामा पेश गर्न प्रदेश सरकार (म.प.) बाट निर्णय/स्वीकृति | जेष्ठ ३० गते सम्म | आ.मा. तथा यो.म. र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३३. | **विनियोजन र आर्थिक विधेयक दर्ताको लागि प्रदेश सभा सचिवालयमा पठाउने** (बजेट पेश गर्नु भन्दा ७२ घण्टा अघि दर्ता गराइसक्ने) | जेष्ठ ३० गतेभित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३४. | आर्थिक सर्वेक्षण र मन्त्रालयगत प्रगति प्रतिवेदन प्रदेश सभामा पेश गर्ने र सार्वजनिक गर्ने। | जेष्ठ ३१ गते भित्र | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३५. | कोशी प्रदेश सभामा बजेट प्रस्तुत (बजेट वक्तव्य, विधेयकहरु र कार्यक्रम पुस्तिका सार्वजनिक) | असार १ गते | आर्थिक मामिला तथा योजना मन्त्रालय |

# परिच्छेद २
# मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२-२०८३/८४)

## २.१ पृष्ठभूमि

नेपालको सोह्रौं योजना (२०८१/८२-२०८५/८६) को सोच "**सुशासन, सामाजिक न्याय र समृद्धि**" एवम् कोशी प्रदेशको दोस्रो आवधिक योजनाको प्रादेशिक सोच, समष्टिगत लक्ष्य तथा उद्देश्य अनुरुप यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनाको समष्टिगत वित्त खाका, बजेट खाका र नतिजा खाका तयार गर्दा कोशी प्रदेशको विगत पाँच वर्षको बजेट तर्जुमा र आय-व्ययको विवरण, प्रगति प्रतिवेदन, प्रदेशका मन्त्रालयहरुको कार्यक्षेत्र, विद्यमान नीति तथा कानूनी व्यवस्था र सरकारको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यलाई मुख्य आधारको रुपमा लिइएको छ।

आ.व.२०८१/८२ को हकमा विनियोजित बजेटअनुरूप नै र आगामी दुई आर्थिक वर्षको हकमा प्रदेशको दोस्रो आवधिक योजनाको खाका, आयोजना कार्यान्वयनको स्थिति,उपलब्ध स्रोत साधन, गत र चालु आर्थिक वर्षको विनियोजन, खर्चको अवस्था र स्रोत प्राप्तिको अवस्थालाई मुख्य आधार मानी प्रक्षेपण गरिएको छ । यो प्रक्षेपणले प्रदेशका सबै मन्त्रालय तथा निकायलाई आगामी वर्षको बजेट तर्जुमा गर्दा मुख्य आधारको रुपमा उपयोगी हुनेछ।

## २.२ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

प्रदेश सरकारको स्रोत आँकलन गर्दा देहाय अनुसार प्राप्त हुने रकमलाई आधार मानिएको छ :

### क. राजस्व बाँडफाँट

अ. *कर राजस्व बाँडफाँट :* संघीय राजस्व बाँडफाँट (मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क) बाट तोकिए बमोजिमको अनुपातमा प्रदेशलाई प्राप्त हुने रकम ।

आ. *रोयल्टी बाँडफाँट :* रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) बाट सङ्कलित राजस्व रकमको २५ प्रतिशत रकम ।

### ख. आन्तरिक आय

अ. प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने, मालपोत कार्यालय र स्थानीय तहले संकलन गरी बाँडफाँटबाट प्राप्त हुने कर, शुल्क, दस्तुर बापत सङ्कलन हुने रकम ।

आ. सञ्चित कोषमा रहने नगद मौज्दातको अनुमानित रकम।

### ग. अनुदान तथा वैदेशिक सहायता

अ. संघबाट प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपूरक र विशेष अनुदान रकम।

आ. नेपाल सरकारको स्वीकृतिमा प्रदेशलाई प्राप्त हुने वैदेशिक अनुदान रकम।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कोशी प्रदेश सरकारको कुल बजेट रु.१ खर्ब १९ अर्ब ६ करोड २० लाख रहने प्रक्षेपण गरिएको छ । यसमध्ये चालु खर्च रु.४३ अर्ब ४५ करोड ५७ लाख (३६.५%) र पुँजीगत खर्च रु.६० अर्ब १ करोड ३१ लाख (५०.४%) रहने प्रक्षेपण गरिएको छ । साथै स्थानीय तह अनुदान र वित्तीय व्यवस्थापनका लागि १३.१ प्रतिशत खर्च रहने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी थप विवरण तालिका २.१ देखि २.४ सम्म उल्लेख गरिएको छ ।

### तालिका २.१: खर्च बेहोर्ने स्रोतको अनुमान तथा प्रक्षेपण

रु.लाखमा

| खर्च व्यहोर्ने स्रोत | २०७९/८० को यथार्थ | २०८०/८१ संशोधितअनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) (प्रदेशले सिलिङ बाड्ने र कार्यक्रम तर्जुमा गर्ने) | २८०१३७ | २५१६२२ | २९५७४० | ३३१३५५ | ३६४४९१ |
| संघ सशर्त/समपूरक/विशेष अनुदान र वैदेशिक अनुदान (आयोजना/कार्यक्रम तोकिएर आउने) | ७९४१६ | ७३३३२ | ५७०५३ | ६७६१० | ७४३७१ |
| जम्मा | ३५९५५३ | ३२४९५४ | ३५२७९३ | ३९८९६५ | ४३८८६२ |

## तालिका २.२: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचलित मूल्यमा)

(रु. लाखमा)

| क्र.सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | | जम्मा (३ आ.व.को) |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
| १ | **खर्चको अनुमान** | | | | | | |
| | चालुखर्च | ९०९८३ | १०२२९५ | १४२७२३ | १३८९६९ | १५२८६५ | ४३४५५७ |
| | पूँजीगतखर्च | १८११२५ | १४९२६२ | १६२०२० | २०८६२४ | २२९४८७ | ६००१३१ |
| | स्थानीय तहअनुदान | ३५४६९ | ४०८२३ | ४७८५० | ५१०७२ | ५६१८० | १५५१०२ |
| | वित्तीयव्यवस्था | ० | ७५ | २०० | ३०० | ३३० | ८३० |
| | **कुल खर्च** | **३०७५७७** | **२९२४५५** | **३५२७९३** | **३९८९६५** | **४३८८६२** | **११९०६२०** |
| २ | **आय/स्रोतको अनुमान** | | | | | | |
| | वित्तीय समानीकरण अनुदान | ७८८२२ | ६५०९५ | ८९४३२ | १११५४५ | १२२७०० | **३२३६७७** |
| | सशर्त अनुदान | ६५०८८ | ५८४३२ | ४१६४३ | ४४९२५ | ४९४१८ | **१३५९८६** |
| | समपूरक अनुदान | ९२०० | ७३०० | ६५५० | १०५०६ | ११५५७ | **२८६१३** |
| | विशेष अनुदान | ४७५० | ७६०० | ७८०१ | ९५२० | १०४७२ | **२७७९३** |
| | **जम्मा संघ अनुदान** | **१५७८६०** | **१३८४२७** | **१४५४२६** | **१७६४९६** | **१९४१४६** | **५१६०६८** |
| | राजस्व बाँडफाँटबाटप्रदेशलाई प्राप्त हुने | ९१५०४ | १००६१६ | १२४००८ | १३४५६९ | १४८०२६ | ४०६६०३ |
| | प्रदेशको आन्तरिक राजस्व | ३८१६३ | ३३९३५ | ४९८०० | ५८९५४ | ६४८५० | १७३६०४ |
| | **जम्मा राजस्व** | **१२९६६७** | **१३४५५१** | **१७३८०८** | **१९३५२३** | **२१२८७६** | ५८०२०७ |
| | वैदेशिक अनुदान (सोझै भुक्तानी) | ३७८ | ० | १०५९ | २६५९ | २९२५ | ६६४३ |
| | नगद मौज्दात | ७१६४८ | ५१९७६ | ३२५०० | २६२८७ | २८९१५ | ८७७०२ |
| | **कुल आय/स्रोत** | **३५९५५३** | **३२४९५४** | **३५२७९३** | **३९८९६५** | ४३८८६२ | **११९०६२०** |
| ३ | **बजेट सन्तुलन बचत (+)न्यून(-)** | ४२५०१ | ३२५०० | ० | ० | ० | ० |

## तालिका २.३ः मन्त्रालयगत खर्चको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणको सारांश

(रु. हजारमा)

| क.सं. | अनुदान संकेत | मन्त्रालय/निकाय | आ.व.२०८१/८२ को अनुमान | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | भार/प्रतिशत | रकम | भार/प्रतिशत | रकम | भार/प्रतिशत |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २४८८०८ | ०.७% | २५९३२७ | ०.७% | २६३३१७ | ०.६% |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९८४०० | ०.३% | ११९६९० | ०.३% | १३१६५९ | ०.३% |
| ३ | २१६ | मुख्यन्यायाधिवक्ताको कार्यालय | २२३३१ | ०.१% | ३९८९७ | ०.१% | ४३८८६ | ०.१% |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८४५१६ | १.१% | ३९८९६५ | १.०% | ३०७२०३ | ०.७% |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५५१९६८ | १०.१% | २८३२६५२ | ७.१% | १८४३२२० | ४.२% |
| ६ | ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २६७७८९२ | ७.६% | ३१९१७२० | ८.०% | ३७३०३२७ | ८.५% |
| ७ | ३१३ | खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय | ४७६२०७३ | १३.५% | ५६६५३०३ | १४.२% | ६४९५१५८ | १४.८% |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १०३९०९० | २.९% | १११७१०२ | २.८% | १३१६५८६ | ३.०% |
| ९ | ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८२५१८९ | ८.०% | ३३९१२०३ | ८.५% | ३९०५८७२ | ८.९% |
| १० | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०४१५१६५ | २९.५% | १२००८८४७ | ३०.१% | १३४२९१७७ | ३०.६% |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | १९८०८६० | ५.६% | २५९३२७३ | ६.५% | ३०७२०३४ | ७.०% |
| १२ | ३७० | स्वास्थ्य मन्त्रालय | ३५८६७९२ | १०.२% | ४३८८६१५ | ११.०% | ५००३०२७ | ११.४% |
| १३ | ३९१ | प्रदेश योजना आयोग | ५४३२८ | ०.२% | ६७८२४ | ०.२% | ८७७७२ | ०.२% |
| १४ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ६०००० | ०.२% | ९९७४१ | ०.३% | १७५५४५ | ०.४% |
| १५ | ६०२ | अर्थ - विविध | १०८२०३३ | ३.१% | ७१८१३७ | १.८% | ६५८२९३ | १.५% |
| १६ | ८०१ | स्थानीय तह (समानीकरण र समपूरक अनुदान) | २४८९८५५ | ७.१% | २९९२२३८ | ७.५% | ३४२३१२४ | ७.८% |
| | | जम्मा | ३५२७९३०० | १००.०% | ३९८९६५०३ | १००.०% | ४३८८६२०० | १००.०% |

*नोटः स्थानीय तहलाई सशर्त अनुदान सम्बन्धित मन्त्रालयको रकममा समावेश गरिएको छ।*

## तालिका २.४ः स्रोत अनुसार मन्त्रालयगत बजेटको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| क्र.सं. | अनुदान संकेत | मन्त्रालय/निकाय | आ.व.२०८१/८२ को अनुमान | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश स्रोत (राजस्व र समानीकरण) | सशर्त/समपूरक/विशेष/वैदशिक अनुदान | प्रदेश स्रोत (राजस्व र समानीकरण) | सशर्त/समपूरक/विशेष/वैदशिक | प्रदेश स्रोत (राजस्व र समानीकरण) | सशर्त/समपूरक/विशेष/वैदशिक |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २४८८०८ | | २५९३२७ | | २६३३१७ | |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९८४०० | | ११९६९० | | १३१६५९ | |
| ३ | २१६ | मुख्यन्यायाधिवक्ताको कार्यालय | २२३३१ | | ३९८९७ | | ४३८८६ | |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २४०६५५ | १४३८६१ | २४२९४५ | १५६०२० | २४४६६३ | ६२५४० |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३३००८३३ | २५११३५ | २५७८७१८ | २६५९०० | १५५०७७० | २९२४५० |
| ६ | ३१२ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २३५६४३० | ३२१४६२ | २८०९८३० | ३८१८९० | ३२४४३२७ | ४८६००० |
| ७ | ३१३ | खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय | ४१५३४०० | ६०८६७३ | ४८४४११३ | ८२११९० | ५४९०५४८ | १००४६१० |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १०३९०९० | | १११७१०२ | | १३१६५८६ | |
| ९ | ३२९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | २३९४०१० | ४३११७९ | २८८५२०३ | ५०६००० | ३३३६३७२ | ५६९५०० |
| १० | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ८१५५५२२ | २२५९६४३ | ९३४३२४७ | २६६५६०० | १०४६९१७७ | २९६०००० |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | १२८१८५८ | ६९९००२ | १६८२८७३ | ९१०४०० | २०९६०३४ | ९७६००० |
| १२ | ३७० | स्वास्थ्य मन्त्रालय | २५९६४४७ | ९९०३४५ | ३३३४६१५ | १०५४००० | ३९१७०२७ | १०८६००० |
| १३ | ३९१ | प्रदेश योजना आयोग | ५४३२८ | | ६७८२४ | | ८७७७२ | |
| १४ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ६०००० | | ९९७४१ | | १७५५४५ | |
| १५ | ६०२ | अर्थ - विविध | १०८२०३३ | | ७१८१३७ | | ६५८२९३ | |
| १६ | ८०१ | स्थानीय तह अनुदान (समानीकरण र समपूरक) | २४८९८५५ | | २९९२२३८ | | ३४२३१२४ | |
| **जम्मा** | | | **२९५७४०००** | **५७०५३००** | **३३१३५५००** | **६७६१०००** | **३६४४९१००** | **७४३७१००** |

*नोटः स्थानीय तहलाई सशर्त अनुदान सम्बन्धित मन्त्रालयको रकममा समावेश गरिएको छ।*

## २.३ विभिन्न सूचक अनुसार बजेट अनुमान तथा प्रक्षेपण

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. दिगो विकास लक्ष्यको आधारमा बजेट प्रक्षेपण

दिगो विकास लक्ष्यबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.५: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रु. हजारमा)

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.व.२०८१/८२ को अनुमान | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४४७६८८१ | १२.७ | ५१८६५४५ | १३.० | ५७९२९७८ | १३.२ |
| २ | शून्य भोकमरी | ९४८५६४ | २.७ | १३९६३७८ | ३.५ | १७५५४४८ | ४.० |
| ३ | स्वस्थ जीवन | ३४८००६८ | ९.९ | ४३८८६१५ | ११.० | ५००३०२७ | ११.४ |
| ४ | गुणस्तरीय शिक्षा | १०५०९१५ | ३.० | १५१६०६७ | ३.८ | १७५५४४८ | ४.० |
| ५ | लैङ्गिक समानता | ३२०४६ | ०.१ | ११९६९० | ०.३ | ३५१०९० | ०.८ |
| ६ | सफा पानी तथा सरसफाइ | १८८१३७३ | ५.३ | २१५४४११ | ५.४ | २६३३१७२ | ६.० |
| ७ | आधुनिक ऊर्जामा सर्वसाधारणको पहुँच | २४३००० | ०.७ | ३१९१७२ | ०.८ | ४३८८६२ | १.० |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | २६६४३०४ | ७.६ | ३०१६१७५ | ७.६ | ३१५९८०६ | ७.२ |
| ९ | उद्योग,नवीन खोज र पूर्वाधार | ८६०२९७४ | २४.४ | ८८१७१२७ | २२.१ | ८७७७२४० | २०.० |
| १० | असमानता न्यूनीकरण | ७७००० | ०.२ | १९९४८३ | ०.५ | ३०७२०३ | ०.७ |
| ११ | दिगो शहर रबस्ती | २९०२२५० | ८.२ | २९९२२३८ | ७.५ | ३११५९२० | ७.१ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ४८७४०० | १.४ | ७१८१३७ | १.८ | ९६५४९६ | २.२ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १७००४१ | ०.५ | २७९२७६ | ०.७ | ४३८८६२ | १.० |
| १५ | भूसतह स्रोतको उपयोग | १६६६३८७ | ४.७ | १९१५०३२ | ४.८ | २१९४३१० | ५.० |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १९५६०७९ | ५.५ | २२३४२०४ | ५.६ | २४५७६२७ | ५.६ |
| १७ | दिगो विकासमा साझेदारी | ४६३९३१८ | १३.२ | ४६२७९९४ | ११.६ | ४७३९७०९.६ | १०.८ |
| | कुल जम्मा | ३५२७८६०० | १००.० | ३९८९६५०० | १००.० | ४३८८६२०० | १००.० |

### ख. लैङ्गिक सङ्केतको आधारमा बजेट प्रक्षेपण

लैङ्गिक सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६ः लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रु. हजारमा)

| संकेतनं. | लैङ्गिक संकेत | आ.व.२०८१/८२ को अनुमान | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ८३९०३१८ | २३.८ | १०४९२७८० | २६.३ | १२६३९२२६ | २८.८ |
| २ | अप्रत्यक्ष लाभ | २४२३२५०६ | ६८.७ | २६८१०४४८ | ६७.२ | २८९६४८९२ | ६६.० |
| ३ | तटस्थ | २६५६४७६ | ७.५ | २५९३२७३ | ६.५ | २२८२०८२ | ५.२ |
| कुल जम्मा | | ३५२७९३०० | १००.० | ३९८९६५०० | १००.० | ४३८८६२०० | १००.० |

### ग. जलवायु सङ्केतको आधारमा बजेट प्रक्षेपण

जलवायु सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.७ः जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

(रु. हजारमा)

| संकेत नं. | जलवायु न्यूनीकरण बजेट | आ.व.२०८१/८२ को अनुमान | | आ.व.२०८२/८३ को प्रक्षेपण | | आ.व.२०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ३८७३५०२ | ११.० | ५७८४९९३ | १४.५ | ७७२३९७१ | १७.६ |
| २ | अप्रत्यक्ष लाभ | २०२९९४३० | ५७.५ | २२४२१८३३ | ५६.२ | २३७४२४३४ | ५४.१ |
| ३ | तटस्थ | १११०६३६८ | ३१.५ | ११६८९६७५ | २९.३ | १२४१९७९५ | २८.३ |
| | कुल जम्मा | ३५२७९३०० | १००.० | ३९८९६५०१ | १००.० | ४३८८६२०० | १००.० |

## २.४ अन्तर-सरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण

स्थानीय तहमा हस्तान्तरण हुने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.८ मा प्रस्तुत गरिएको छ । स्थानीय तहमा हुने अन्तर-सरकारी वित्तीय हस्तान्तरण प्रदेश सरकारले निर्धारण गरे अनुरूप परिवर्तन हुन सक्नेछ ।

तालिका २.८ः स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

(रु. हजारमा)

| आ.व. | समानीकरण अनुदान | सशर्त अनुदान | समपूरक अनुदान | विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७९/८० (यथार्थ) | ८७५४८२ | १५७६३२९ | १०९५१२१ | ० | ३५४६९३२ |
| २०८०/८१ (संशोधित अनुमान) | १०००००० | १६६२२२० | १४२०१२६ | ० | ४०८२३४६ |
| २०८१/८२ (अनुमान) | १०००००० | २०९५१३५ | १४८९८५५ | ० | ४५८४९९० |
| २०८२/८३ (प्रक्षेपण) | १५००००० | १८५६००० | १५००००० | २५०००० | ५१०६००० |
| २०८३/८४ (प्रक्षेपण) | १८००००० | १४५६२३२ | १५००००० | ५००००० | ५२५६२३२ |
| **जम्मा (तीन वर्षको)** | ४३००००० | ५४०७३६७ | ४४८९८५५ | ७५०००० | १४९४७२२२ |

# परिच्छेद ३
# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

(क) पृष्ठभूमि

## ३.१ सुशासन तथा क्षमता विकास

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति अवलम्बन गरेको छ । प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन नियन्त्रण र संचालन गर्ने, सुशासन कायम गर्ने, प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने लगायतका काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भई प्रदेशको समग्र शासन व्यवस्था सञ्चालनको प्रमुख प्रशासनिक निकायको रुपमा रहेको छ।

सार्वजनिक प्रशासनलाई जनमुखी, जबाफदेही, पारदर्शी, प्रभावकारी, समावेशी तथा जनसहभागितामूलक बनाउन प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ र नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ। कोशी प्रदेश सरकारको प्रशासनिक संरचना अन्तर्गत ९ मन्त्रालय, अन्य निकाय ४, निर्देशनालय ६, तालिम केन्द्र ८, र अन्य कार्यालय १७१ कार्यालय समेत जम्मा १९८ कार्यालय रहेका छन् । सो अन्तर्गत विभिन्न पदमा ४०५८ दरबन्दी रहेकोमा २०८० चैत्रसम्म५८.२ प्रतिशत पदपूर्ति भएको छ।

पदाधिकारीको पदीय वा पेशागत आचारसंहिता तर्जुमा गरी लागू गरिएको छ। सरकारी कार्य सञ्चालन तथा सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आबद्ध गर्दै लगिएको छ। मन्त्रालय/कार्यालयका वेबसाइट तथा प्रदेश पोर्टल निर्माण, Office Automation System, ई-हाजिरी, मुख्यमन्त्री डयासबोर्ड निर्माण गरिएको छ। यस्तै बजेट तर्जुमा, कार्यान्वयन, खर्च, भुक्तानी तथा लेखाङ्कनलाई विद्युतीय प्रणालीमा आबद्ध गरिएको छ।गुनासो सुनुवाइलाई प्रभावकारी र व्यवस्थित बनाउन वेब (hellocm.koshi.gov.np)र मोवाइलएप निर्माण गरिएको छ। सामाजिक विकास र दिगो विकासको लक्ष्यसम्बन्धी प्रदेशस्तरीय डिजिटल तथ्याङ्क प्रतिवेदन प्रणाली तयार गरिएको छ।

## ३.२ मानवअधिकार

मानवअधिकारलाई संविधानको प्रस्तावनामा नै समावेश गरी राज्यको सम्पूर्ण अवयवको अविच्छिन्न अङ्गको रूपमा उल्लेख गरिएको छ भने मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्द्धन राज्यको दायित्व हुने व्यवस्था सहित राज्यले मानवअधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने, न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

प्रदेश सरकारले मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थाको स्थितिमा उल्लेखनीय प्रगति हासिल गर्नका लागि आवधिक योजना मार्फत विभिन्न नीति तथा कार्यक्रमहरू तय गरेको छ। दिगो विकासको १६ औं लक्ष्य मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेकोले सो लक्ष्यलाई प्रादेशिक रूपमा कार्यान्वयन गर्न कानून, नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्दै लगिएको छ ।

## ३.३ प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास गर्ने मूलभुत उद्देश्य राखीझापाको कलवलगुरीमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सञ्चालनमा रहेको छ। प्रदेश सरकार तथा स्थानीय तहको क्षमता विकास तथा सशक्तिकरण गर्ने,सार्वजनिक पदाधिकारीका लागि तालीम संचालन गर्ने, प्रदेश तथा स्थानीय शासन सम्बन्धि अध्ययन एवं अनुसन्धान गरि सम्बन्धित निकायलाई परामर्श दिने प्रतिष्ठानको मूख्य कार्य रहेको छ । प्रशिक्षण प्रतिष्ठानले प्राज्ञिक रुपमा प्रभावकारी भूमिका निर्वाह गरि आफुलाई उत्कृष्ठ सिकाई केन्द्रको विकास गर्ने लक्ष्य लिएको छ।

## ३.४ प्रदेश लगानी प्राधिकरण

प्रदेशमा स्वदेशी तथा विदेशी लगानी भित्र्याउनका लागि **सार्वजनिक निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन,** २०७६अनुसार प्रदेश लगानी प्राधिकरण गठन भएको छ। लगानीमैत्री वातावरणको सिर्जना, स्वदेशी र विदेशी लगानीलाई परिचालन र व्यवस्थापन गरेर आर्थिक विकासमा सहयोग पुर्‍याउने कार्य जिम्मेवारी प्राधिकरणको रहेको छ। २०८० बैशाखसम्म प्रदेश लगानी प्राधिकरणबाट ९६ परियोजनाहरूको पूर्वसम्भाव्यता अध्ययन (Pre Feasibility Study) सम्पन्न भएको छ। सम्भाव्यता अध्ययन भई लगानी प्रक्रियामा रहेका परियोजनामध्ये सञ्चालनको चरणमा १(भेडेटार स्काईवाक परियोजना), लगानी स्वीकृतिको चरणमा रहेका ५, वार्ता प्रक्रियामा रहेका ६ र तेस्रो लगानी सम्मेलन (सोकेस) मा पठाइएका ६ गरी १८ परियोजनाको कुल लागत रु.८५ अर्ब ६७ करोड रहेको छ।

### (ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | कर्मचारी पदपूर्ति | प्रतिशत | ५८.६ | ५८.२ | ६८.४ | ७५.० | १००.० |
| २. | क्षमता विकास तालिम | संख्या | ९ | १३ | १५ | १७ | २२ |
| ३. | लगानी स्वीकृत परियोजना | संख्या | १ | ६ | १८ | २७ | ४५ |
| ४. | प्रदेश किताबखाना (PIS)मा कार्यालय/पददर्ता | प्रतिशत | ५ | १५ | ५० | ७५ | १०० |
| ५. | Office Automation System, मुख्यमन्त्री ड्यासबोर्ड सञ्चालन गर्ने निकाय/कार्यालय | संख्या | ९ | ९ | १९ | ४५ | ८० |
| ६. | जनतासँग मुख्यमन्त्री रेडियो टेलिभिजन कार्यक्रम प्रसारण गर्ने सञ्चार माध्यम | संख्या | २२ | १ | २५ | ३६ | ४५ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ७. | स्थानीय तहको लागि नमूना कानून निर्माण | संख्या | ३ | १ | ३ | २ | २ |
| ८. | प्रदेशको कानून मस्यौदा तथा परिमार्जन | संख्या | ३ | २ | १० | ९ | ६ |
| ९. | व्यवस्थापन परीक्षण गरिएका कार्यालय | संख्या | ० | ९ | ९५ | १४५ | १९८ |

### (ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक/विशेष अनुदान |
| २०८१/८२ | ३८४५१६ | ३४४९१६ | ३९६०० | २४०६५५ | १४३८६१ | |
| २०८२/८३ | ३९८९६५ | ३७७९६५ | २१००० | २४२९४५ | १५६०२० | |
| २०८३/८४ | ३०७२०३ | २९८२०३ | ९००० | २४४६६३ | ६२५४० | |

### (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | प्रदेश प्रशिक्षण केन्द्रको पूर्वाधार निर्माण | तालिम सञ्चालन भवन निर्माण | २०८१/८२ | १०००० | पूर्वाधार निर्माण हुने |
| २. | मुख्यमन्त्री अनुभव आदान प्रदान कार्यक्रम | अनुभव आदान प्रदान, समन्वय | " | ५००० | सम्मेलन सम्पन्न हुने |
| ३. | लगानी सम्मेलन तयारी | लगानी प्रवर्द्धन | " | ३३३०० | थप लगानी भित्रिने |
| ४. | प्रदेश लगानी प्राधिकरणको कार्यालय सञ्चालनका लागि चालु अनुदान | " | सालबसाली | ५००० | " |
| ५. | जनतासँग मुख्यमन्त्री रेडियो तथा टेलिभिजन कार्यक्रम | सचेतना अभिवृद्धि | " | ८५०० | कार्यविधि अनुसार हुने |
| ६. | कार्यालय भवन निर्माण | कार्यालय व्यवस्थापन | २०८१/८२ | १२५०० | भवन निर्माण सम्पन्न |
| ७. | वडास्तरका जनप्रतिनिधिहरुलाई समावेशी तथा सहभागीमुलक योजना तर्जुमा सम्बन्धी तालिम | योजना तर्जुमा व्यवस्थित हुने | " | ८४०० | कार्ययोजना अनुसार कार्यान्वयन भएको हुने |
| ८. | स्थानीय तहको आवधिक योजनामा तर्जुमा सहयोग | " | क्रमागत | ७००० | |
| ९. | स्थानीय तहहरुमा नवप्रवर्तन साझेदारी कोषकार्यक्रमसंचालन (PLGSP अन्तर्गत) | नवप्रवर्तन तथा उद्यमशीलता विकास | क्रमागत | २७५०० | |

# परिच्छेद ४
# आन्तरिक मामिला तथा कानून मन्त्रालय

(क) पृष्ठभूमि

## ४.१ कानून तथा शान्ति सुरक्षा

प्रदेशको अधिकार अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा संविधानको अनुसूचीमा व्यवस्थित गरेको छ भने कार्य विस्तृतीकरणका अनुसार आधारभूत मानवअधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेशभित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र राखिएको छ । प्रदेशको कार्य क्षेत्रभित्र प्रदेशस्तरीय सुरक्षा संयन्त्र स्थापना र हस्तान्तरण हुन बाँकी रहेको छ।

प्रदेश स्थापना भएदेखि २०८१ वैशाख मसान्तसम्म जम्मा ६२ वटा ऐन,ऐन संशोधन ८ वटा, ११ वटा अध्यादेश, ६४ वटा नियमावलीहरू,१ वटा गठन आदेश, ३ वटा नीतिहरू र ७६ वटा अन्य कानूनहरू तर्जुमा भएका छन्। ऐन अन्तर्गत सालबसाली रूपमा तर्जुमा भएका प्रदेश विनियोजन ऐनहरू ७ वटा र आर्थिक ऐनहरू ६ वटा समेत रहेका छन्।

## ४.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

विपद् जोखिम व्यवस्थापन गर्न प्रदेश सभाबाट प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ जारी भई प्रदेश विपद् व्यवस्थापन समिति साथै विपद् व्यवस्थापन परिषदको गठन भएको छ ।साथै विपद् व्यवस्थापन नीति, २०७९ तर्जुमा भएको छ । प्रदेशका १४ जिल्लाका विभिन्न स्थानीय तहमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना भएका छन्। साथै, ४ वटा पालिका (रंगेली, अर्जुनधारा, कोशी र आठराई) मा क्लस्टर मार्फत विपद् व्यवस्थापन कार्य सञ्चालन भएको छ। विगत आर्थिक वर्षको तुलनामा विपदबाट मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको देखिन्छ। आ.व.२०७९/८० मा प्रदेशमा विपदका घटनाबाट मृत्यु भएका मानिसको सङ्ख्या ३१६ रहेको छ। २०८०/८१ को चैत्र सम्ममा विपदका कारण मृतक १८७ मध्ये सबैभन्दा बढी ६६ जनाको डुबेर मृत्यु भएको देखिन्छ भने भीरबाट लडेर ४७ जना, आगलागीबाट २५ जना, करेन्ट लागेर २३ जनाको मृत्यु भएको देखिन्छ।

## ४.३ भूमि व्यवस्थापन तथा गुठी

भूमि तथा भूमि स्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू-उपयोग नीति, २०७२ लाई कार्यान्वयनमा लैजानु भू-उपयोग ऐन, २०७६ र नियमावली, २०७९ तर्जुमा भई कार्यान्वयनमा आएको छ । कोशी प्रदेशमा २५ वटा मालपोत र २५ वटा नापी कार्यालयहरु रहेका छन्। नेपालको संविधानमा प्रदेशको अधिकारको सूचीमा गुठी व्यवस्थापन समावेश छ । त्यसैगरी संविधानको धारा २९० को उपधारा १ मा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेको किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउन सक्ने व्यवस्था रहेको छ । कोशी प्रदेशमा जम्मा ८२

वटा राजगुठी रहेका छन् । राजगुठीको कित्ता सङ्ख्या ४,९७५, निजी गुठीको कित्ता सङ्ख्या ४,९८६ र अन्य गुठीको कित्ता सङ्ख्या ५६,३६२ गरी जम्मा ६६ हजार ३ सय २३ कित्ता गुठीको जग्गा रहेको छ।

## ४.४ यातायात व्यवस्थापन

राज्यको नीतिमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित,व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने कुरा उल्लेख भएको छ । संविधानमा प्रदेश लोक मार्ग र यातायात व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र रहेको छ।२०८० असारसम्म यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या ८ लाख ०३ हजार ६ सय ९९ पुगेको छ। यसमध्ये मोटरसाईकलको संख्या ६ लाख ६९ हजार ७ सय २० र अन्य सवारी साधनको संख्या १ लाख ३३ हजार ९ सय ७९ रहेको छ।

## ४.५ सूचना तथा सञ्चार

कोशी प्रदेशमा सूचना र सञ्चारका प्रविधिको विकास तीव्र रूपमा भइरहेको छ । मोबाइल, इन्टरनेट सेवा, एफ.एम. रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन मिडिया, सामाजिक सञ्जाल, हुलाक सेवा र निजी क्षेत्रका सञ्चार माध्यमहरूको पर्याप्त विस्तार भएको छ।२०८० असारसम्म कोशी प्रदेशमा कुल वितरित टेलीफोन संख्या ४८ लाख २७ हजार ६ सय ७६ पुगेको छ।यसलाई कोशी प्रदेशको १० वर्ष भन्दा माथिको कुल जनसंख्या ४१ लाख २७ हजार ९४ सँग तुलना गर्दा टेलिफोन बितरण ११६.९८ प्रतिशत देखिन्छ। इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ४० हजार २९ पुगेको छ।आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशमा दर्ता भएका ३९ वटा रेडियो एफ.एम. र ५ वटा केबल टेलिभिजन सञ्चालनमा रहेका छन्। प्रेस काउन्सिल नेपालको अभिलेख अनुसार २०८० असार मसान्तसम्म जम्मा ५३४ वटा पत्रपत्रिकाहरू दर्ता भई प्रकाशनमा रहेका छन्। कोशी प्रदेशमा हुलाक निर्देशनालय-१, जिल्ला हुलाक-१४, इलाका हुलाक-१७५ र अतिरिक्त हुलाक ५०४ गरी जम्मा ६९४ वटा हुलाक कार्यालय रहेका छन्। आ.व.२०७९/८० मा ७,२०,९०७ वटा हुलाक वस्तुको आयात, निर्यात भएको छ। यस्तै १५० वटा रेडियो एफ.एम.को लाइसेन्स नवीकरण गरिएको छ,४,४४० वटा लोककल्याणकारी विज्ञापन तथा सूचना प्रकाशन वापत हुलाक कार्यालय मार्फत १५० वटा सञ्चार माध्यमलाई रु.३ करोड ३७ लाख भुक्तानी गरिएको छ।

### (ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | ऐन तर्जुमा (राजपत्र) | सङ्ख्या | ५७ | ६४ | ६८ | ७० | ७२ |
| २. | नियमावली | सङ्ख्या | ६१ | ६४ | ७२ | ७५ | ८० |
| ३. | अन्य कानून | सङ्ख्या | ७९ | ८२ | ८५ | ९० | ९३ |
| ४. | विपदबाट मृत्यु | सङ्ख्या | ३१६ | १९३ | १५२ | १४० | ११५ |
| ५. | दर्ता भएका सवारी साधन (वार्षिक) | संख्या | ३०४४९ | ३२१५० | ३८६२० | ४१५०० | ४५०५० |
| ६. | यातायात क्षेत्रको राजस्व संकलन | रु.लाखमा | २८०२० | ३०७१० | ४५८६० | ६८६५० | ७०५२५ |
| ७. | ट्राफिक लाइट जडान | संख्या | ३ | ४ | ५ | ६ | ७ |
| ८. | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ७७ | ८० | ८४ | ८८ | ९२ |

| क.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ९. | गुठी जग्गाको विद्युतीय अभिलेख | प्रतिशत | ५२ | ७० | ८० | ९० | १०० |
| १०. | मालपोत क्षेत्रको राजस्व संकलन | रु.लाखमा | ५४२३८ | ७४०१० | ९५६४० | ११५५६० | १३६००० |
| ११. | चलचित्र छायांकन स्थल निर्माण | संख्या | | १ | ३ | ५ | ७ |
| १२. | सुरक्षाकर्मीको भवन निर्माण | संख्या | ३६ | ६४ | २५ | ३६ | ४२ |
| १३. | प्रदेश सुरक्षा समन्वय समितिको बैठक | पटक | ११ | १५ | २२ | २५ | २८ |

## (ग) आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक/विशेष अनुदान |
| २०८१/८२ | १०३९०९० | ६२२७५० | ४१६३४० | १०३९०९० | | |
| २०८२/८३ | १११७१०२ | ६६२१०२ | ४५५००० | १११७१०२ | | |
| २०८३/८४ | १३१६५८६ | ७६०५८६ | ५५६००० | १३१६५८६ | | |

## (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | अन्य सामाजिक सुरक्षा | समाज कल्याण | सालबसाली | ५५०० | विपन्न नागरिकलाई आर्थिक सहायता |
| २. | भवन तथा अन्य निर्मित सार्वजनिक सम्पत्तिको मर्मत तथा सम्भार खर्च | सरकारी भवन संरक्षण, मर्मत | " | ८५०० | भवन संरक्षण भएको हुने |
| ३. | प्रदेशभित्र अतिक्रमण भएका जग्गाको संरक्षण तथा व्यवस्थापन | सार्वजनिक र सरकारी जग्गा संरक्षण | २०८१/८२ | १०००० | संरक्षण र अतिक्रमण नियन्त्रण हुने |
| ४. | लागु औषध नियन्त्रण एवं दुर्व्यसनीहरुलाई पुनर्स्थापन कार्यक्रम | लागू औषध नियन्त्रण | सालबसाली | १०००० | सचेतना अभिवृद्धि हुने |
| ५. | सार्वजनिक यातायातमा डिजिटलाइजेसन प्रवर्धन | सहज परिवहन | २०८१/८२ | ५००० | प्रविधिमैत्री यातायात सेवा |
| ६. | पहिलो प्रदेश सभामा आवेदन पेश भई भुक्तानी छुट भएका द्वन्द्व पिडितराहत पुनर्स्थापना | सामाजिक न्याय | " | ५००० | राहत पुनर्स्थापना |

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७. | भुमीहिन तथा सुकुम्बासीहरुलाई स्वरोजगारमुलक जीबिकोपार्जन सम्बन्धीकार्यक्रम संचालन | " | " | ९००० | स्वरोजगार र आयआर्जन हुने |
| ८. | विपद व्यवस्थापन कोष सञ्चालन | राहत पुनर्स्थापना | सालबसाली | २०००० | पूर्वतयारी हुने |
| ९. | लागत साझेदारीमा विपद् बाट प्रभावित निजी आवास पुनर्निर्माण तथापुनस्थापना अनुदान | " | " | ४०००० | सुरक्षित आवास बन्ने |
| १०. | स्थानीय तहहरूसँग सहकार्य तथा सहलगानीमा मुख्यमन्त्री अत्यावश्यकसेवा केन्द्र स्थापनाका लागि अनुदान | विपद् व्यवस्थापन | " | ८०००० | विपद् मा क्षति कम हुने |
| ११. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक बन्दोबस्तीकासामग्री खरिद राहत समेत | " | " | ७००० | क्षति न्यूनीकरण र राहत |
| १२. | यातायात व्यवस्था कार्यालयहरुको भवन निर्माण | कार्यालय व्यवस्थापन | २०८१/८२ | १०००० | सेवा प्रवाह सुदृढ हुने |
| १३. | सुरक्षा निकायहरुको भवन निर्माण | " | क्रमागत | ६३००० | " |
| १४. | प्रतिक्षालय सुधार नमुना कार्यक्रम | " | २०८१/८२ | ५००० | " |
| १५. | बुढीगंगा ट्रक पार्किङ स्थल संरचना निर्माण लाभ साझेदारी | पार्किङ व्यवस्थापन | २०८१/८२ | २०००० | ढुवानी व्यवसाय प्रवर्द्धन हुने |
| १६. | किमाथांका सिमा प्रहरी चौकी निर्माण | सुरक्षा निकायको सुदृढीकरण | " | १५००० | सुरक्षा व्यवस्थापन प्रभावकारी हुने |
| १७. | बोर्डर निर्माण आउटपोष्ट निर्माण | " | क्रमागत | २०००० | " |
| १८. | नेपाल प्रहरी तालिम केन्द्र संरचना निर्माण | " | २०८१/८२ | ५००० | " |
| १९. | जिल्ला समन्यव समितिहरुको संरचनात्मक पूजिगत सुधार | कार्यालय व्यवस्थापन | २०८१/८२ | ७००० | सेवा प्रवाह सुदृढ हुने |
| २०. | सुरक्षा निकायहरुको भौतिक संरचनाहरुको मर्मत सम्भार | " | सालबसाली | ३०००० | " |
| २१. | कारागारहरुको भौतिक संरचना मर्मत सम्भार तथा सेवा सुधार | " | सालबसाली | ७००० | " |
| २२. | मालपोत कार्यालयहरुको भौतिक संरचना मर्मत सम्भार तथा सेवा सुधार | सेवा प्रवाह सुदृढीकरण | " | १२७०० | " |
| २३. | नापी कार्यालयहरुको भौतिक संरचना मर्मत सम्भार तथा सेवा सुधार | " | " | १०२०० | " |
| २४. | जिल्ला प्रशासन कार्यालयहरुको भौतिक संरचना मर्मत सम्भार तथा सेवासुधार | " | " | ५००० | " |
| २५. | बार एशोसिएशन सुदृढीकरण | " | " | १०००० | " |
| २६. | उच्च तथा जिल्ला अदालत सुदृढीकरण | " | " | १५००० | " |
| २७. | चलचित्र महोत्सव संचालन | चलचित्र प्रवर्द्धन गर्नु | २०८१/८२ | ५००० | महोत्सव सञ्चालन हुने |
| २८. | प्रदेश डायरी कार्यक्रम (रेडीयो तथा टेलीभिजन) | सचेतना र सूचनाको हक | सालबसाली | ५००० | नियमित प्रसारण हुने |

# परिच्छेद ५
# आर्थिक मामिला तथा योजना मन्त्रालय

(क) पृष्ठभूमि

## ५.१ आर्थिक मामिला तथा तथ्याङ्क

प्रदेशका नागरिकको आर्थिक, सामाजिक र पूर्वाधार विकासको चाहनालाई सम्बोधन गर्न उपलब्ध स्रोत साधनको महत्तम परिचालन गरी समृद्धीको आकाङ्क्षा पूरा गर्न प्रदेशको समष्टिगत आर्थिक र वित्तीय स्थायित्व कायम गर्दै तीर्व आर्थिक वृद्धी गरी आर्थिक विकास गर्नुपर्ने छ। जसका लागि सार्वजनिक स्रोत परिचालनमा विनियोजन कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय सुशासन कायम हुने गरी नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ र सालबसाली रुपमा प्रदेश आर्थिक ऐन तथा विनियोजन ऐन तर्जुमा भई कार्यान्वयनमा रहेको छ।

वित्तीय स्रोत साधनमा सङ्घीय सरकारमाथिको निर्भरता खासै कम हुन नसकेको तर खर्च जिम्मेवारीको आवश्यकता बढ्दै गइरहेको, प्रदेशमा कृषि आयमा कर लगायतको राजस्व अधिकार समेत पूर्ण रूपमा कार्यान्वयनमा आउन नसकेको अवस्थाले स्रोत व्यवस्थापनमा चुनौती थपिदिएको छ। जसका कारण सार्वजनिक खर्च कटौतीमा पर्याप्त ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। अत्यावश्यक बाहेक चालु खर्च कटौति गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धी हुने क्षेत्रमा पुँजिगत खर्च वृद्धी गर्नुपर्ने देखिन्छ भने भएको पुँजीगत खर्चको पारदर्शीता र गुणस्तर अभिवृद्धिमा थप सुधार गर्दै वित्तीय सुशासन प्रवर्द्धन गरी प्रदेशको अर्थतन्त्रलाई सुदृढ बनाउँदै समृद्ध प्रदेशको आकांक्षा पूरा गर्नुपर्नेछ।

## ५.२ गरिबी निवारण

नेपालको संविधानले नेपालको सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आर्थिक वृद्धि सहित न्यायोचित वितरणको आर्थिक उद्देश्य लिएको छ। गरिबीको अवस्था भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातजाती र समुदायगत रूपमा समेत असमान रहेको देखिन्छ। कोशी प्रदेशमा बहुआयामिक गरिबीमा रहेको जनसंख्या १५.९ प्रतिशत रहेको छ भने गरिबीको दर १७.१ प्रतिशत रहेको छ। कोशी प्रदेशमा गरिबीको सघनता ४१.४ प्रतिशत रहेको छ। प्रदेशको बहुआयामिक गरिबीको सूचकाङ्क ०.०६६ रहेको छ। देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रूपमारहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिकबनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्नु आजको आवश्यकता हो।

(ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेशको कुल गार्हस्थ्य उत्पादन | करोडमा | ८४९०२ | ९०३०५ | ९५६०६ | १०२०६९ | १०९६९३ |
| २. | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | २.१३ | ३.५१ | ५.८७ | ६.७६ | ७.४७ |
| ३. | प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | १२९९ | १३३६ | १४१३ | १५३६ | १६७७ |
| ४. | कुल आयमा आन्तरिक राजस्वको अनुपात | प्रतिशत | १०.६ | ११.४ | १२.१ | १३.२ | १४.८ |
| ५. | प्रदेशको कुल खर्चमा पुँजीगत खर्चको हिस्सा | प्रतिशत | ५८.९ | ५९.६ | ६१.२ | ६५.५ | ६९.८ |
| ६. | कुल पुँजीगत विनियोजनको खर्च प्रगति | प्रतिशत | ७६.६ | ८०.० | ८२.२ | ८४.५ | ८७.६ |
| ७. | कुल बजेट मध्ये खुद चालु खर्च | प्रतिशत | ३७.९ | ३४.५ | ३२.५ | २९.१ | २७.४ |
| ८. | चालु खर्चमा प्रशासनिक खर्चका बजेटको हिस्सा | प्रतिशत | ८.८ | १२.४ | १२.६ | १०.० | ८.५ |
| १०. | चालु खर्चमा कार्यक्रम, तालिम, गोष्ठीको बजेट | प्रतिशत | ३०.३ | २४.८ | २३.५ | २०.३ | १६.४ |
| ११. | परामर्श सेवामा विनियोजन (चालु र पूँजीगत) | रु.करोडमा | १३.४ | २३.८ | २३.५ | १३.५ | ७.० |
| १२. | प्राप्तिको तुलनामा संघ अनुदान फिर्ता | प्रतिशत | १९.६ | १६.४ | १३.१ | ११.० | ८.२ |
| १३. | अन्तिम लेखापरीक्षण अंकको तुलनामा बेरुजु | प्रतिशत | ३.४ | २.५ | २.१ | १.६ | १.० |
| १४. | कायम बेरुजुको तुलनामा फस्यौंट तथा सम्परीक्षण | प्रतिशत | १२.८ | १४.१ | ३१.५ | ४८.७ | ६६.२ |
| १५. | त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण भएका कार्यालय संख्या | प्रतिशत | ४ | १० | ३५ | ८० | १०० |
| १६. | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १७.५ | १७.१ | १६.६ | १६.० | १५.७ |

### (ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

रु.हजारमा

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | संघ सशर्त अनुदान (वैदेशिक समेत) | समपूरक/ विशेष |
| २०८१/८२ | ३५५१९६८ | ३५३०७४५ | २१२२३ | ३३००८३३ | २५११३५ | |
| २०८२/८३ | २८३२६५२ | २८१२६५२ | २०००० | २५७८७१८ | २६५९०० | |
| २०८३/८४ | १८४३२२० | १८१८२२० | २५००० | १५५०७७० | २९२४५० | |

नोटः बचत संघ अनुदान फिर्ता तर्फ आ.व.२०८१/८२ मा रु.३ अर्ब रकम चालु खर्चमा विनियोजन रहेको छ।

**(घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण** (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | आन्तरिक नियन्त्रण/आन्तरिक लेखापरीक्षण/बेरुजु फस्यौट/अनुगमन तथामूल्यांकन/सरकारी सम्पत्ति व्यवस्थापन सम्बन्धी अभिमुखीकरण/प्रोत्साहन तथापुरस्कार कार्यक्रम | आर्थिक अनुशासन र सम्पत्तिको सदुपयोग गर्नु | २०८१/८२ | ५८०२ | सार्वजनिक खर्चमा प्रभावकारीता अभिवृद्धि हुने। |
| २. | मागमा आधारित गरिबी निवारण कार्यक्रम | गरिबी निवारणमा सहयोग | सालबसाली | १५००० | स्वरोजगार र आयआर्जन |
| ३. | तालिम लिई बेरोजगार अति विपन्न समूहलाई उद्यमका लागि आवश्यक प्रविधि हस्तान्तरण | | " | १५००० | उद्यमशिता विकास हुने |
| ४. | उदय परियोजनाः आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | घरेलु तथा साना उद्योगको विकास | वैदेशिक अनुदान समेत | ३४७३३४ | उद्यम प्रवर्द्धन |

# परिच्छेद ६
# सामाजिक विकास मन्त्रालय

(क) पृष्ठभूमि

## ६.१ शिक्षा

शिक्षालाई मानव विकास र आर्थिक, सामाजिक समृद्धिको प्रमुख आधारको रुपमा लिइन्छ । नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक स्थापित गरेको छ। आधारभूत र माध्यमिक शिक्षालाई अनिवार्य एवम् निःशुल्क प्राप्त गर्ने सुनिश्चित गरेको छ। संविधानमा प्रदेश विश्वविद्यालय र उच्चशिक्षा प्रदेशको अधिकारसूचीमा रहेको छ। इन्जिनियरिङ, चिकित्सा लगायत प्राविधिक विषयको उच्चशिक्षा प्रदान गर्ने उद्देश्यले कोशी प्रदेशमा मनमोहन प्राविधिक विश्वविद्यालय सञ्चालनमा रहको छ।

शैक्षिक सत्र २०८० मा कोशी प्रदेशको आधारभूत तहको खुद भर्ना दर (१-८) ९५.३ प्रतिशत र माध्यमिक (९-१२) तहको खुद भर्ना दर ५६.२ प्रतिशत रहेको छ। कोशी प्रदेशमा २२८ वटा क्याम्पस रहेका छन्। जसमध्ये मेडिकल कलेज ३ वटा रहेका छन्।राष्ट्रियजनगणना, २०७८ अनुसार यस प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । प्रदेशमा १४ वटै जिल्ला साक्षर जिल्ला घोषित भएका छन् ।

## ६.२ लैङ्गिक समानता तथा महिला सशक्तिकरण

लैङ्गिक समानता तथा महिला सशक्तिकरण सामाजिक तथा दिगो आर्थिक विकासको एक महत्त्वपूर्ण पक्ष हो। महिला समानता र विकास सहभागितामा परिचित प्रदेश निर्माण गर्ने दीर्घकालीन लक्ष्यका साथ कोशी प्रदेशको **लैङ्गिक समानता नीति,२०७९** तर्जुमा भई कार्यान्वयनमा आएको छ। प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७५ कार्यान्वयनमा रहेको छ। लैङ्गिक तथा घरेलु हिंसापीडित महिला र किशोरीका लागि प्रदेशस्तरीय दीर्घकालीन पुनः स्थापना गृहमा स्थानीय तहमा अल्पकालीन पुनः स्थापना गृहमा सञ्चालनमा रहेको छ। सार्वजनिक क्षेत्रमा महिला सहभागिता बढेको छ। पछिल्लो निर्वाचनबाट कोशी प्रदेशका स्थानीय तहमा जनप्रतिनिधिमध्ये महिला प्रतिनिधित्व ४०.९ प्रतिशत रहेको छ। निजामती सेवामा महिला सहभागिता २८.५ प्रतिशत पुगेको छ। कोशी प्रदेशका २८.४ प्रतिशत महिलामा घर जग्गाको स्वामित्व रहेको छ, भने महिला परिवारमुली भएको परिवार ३०.८ प्रतिशत रहेको छ।

## ६.३ सामाजिक समावेशीकरण

सामाजिक समावेशीकरणले सामाजिक सद्भाव र व्यवहारमा क्रमशः सुधार गरी राष्ट्रिय एकता बलियो बनाउन भूमिका निर्वाह गरेको हुन्छ । संविधानले आर्थिक,सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका नागरिक तथा आर्थिक रूपले विपन्नलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । समानुपातिक समावेशी,

समतामूलक र समृद्ध प्रदेशको निर्माणको दीर्घकालीन सोच र सामाजिक न्याय सहितको मर्यादित जीवन र समृद्ध समाजको निर्माण गर्ने लक्ष्यका साथ **प्रदेश सामाजिक समावेशीकरण नीति, २०७९** कार्यान्वयनमा रहेको छ।

## ६.४ सामाजिक सुरक्षा तथा संरक्षण

नेपालको संविधानमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम **सामाजिक सुरक्षाको हक**को व्यवस्था गरेको छ। २०८० चैत्रसम्म कोशी प्रदेशमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा लाभग्राहीको सङ्ख्या ५ लाख २१ हजार ४ सय ६३रहेको छ। कोशी प्रदेशको कुल जनसङ्ख्यामध्ये करिब १०.५ प्रतिशतले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको देखिन्छ।कोशी प्रदेशका जिल्लाहरूबाट २०८० चैत्रसम्म सामाजिक सुरक्षा कोषमा सूचीकृत रोजगारदाताको सङ्ख्या १,९७८ र योगदानकर्ताको सङ्ख्या ४९,९८९ पुगेको छ।

## ६.५ ज्येष्ठ नागरिक

नेपालको संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूति गरेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको जनसंख्यामा ६० वर्ष माथिका जेष्ठ नागरिक ११.२ प्रतिशत रहेका छन्।२०८० चैत्रसम्म कोशी प्रदेशमा ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक ३ लाख ७ हजार ८ सय ७२ जना र ६० वर्ष माथिका दलित जेष्ठ नागरिक २१ हजार ४ सय २२ जनाले सामाजिक सरक्षा भत्ता प्राप्त गरेका छन्। प्रदेशको सामाजिक विकास मन्त्रालयमा ८ वटा वृद्धाश्रम र ४७ वटा दिवा सेवा केन्द्र सूचीकृत भएका छन् ।

## ६.६ अपाङ्गता भएका व्यक्ति

अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक एवं स्वावलम्बी जीवनयापनका अवसर सृजना गर्नु लोककल्याणकारी राज्यको मान्यता हुन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ र नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ।राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा अपाङ्गता भएको जनसंख्या २.४ प्रतिशत रहेका छन्। अपाङ्गता भएका व्यक्ति मध्ये शारीरिक अपाङ्गता ३४.५ प्रतिशत, न्यूनदृष्टियुक्त १६.४ प्रतिशत, सुस्त श्रवण ९.५ प्रतिशत, बहुअपाङ्गता ९.३ प्रतिशत रहेका छन्। विभिन्न स्थानीय तहमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना केन्द्र सञ्चालनमा आएका छन् ।

## ६.७ बालबालिका तथा किशोर किशोरी

बालबालिका तथा किशोर किशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी विषय महत्त्वपूर्ण हुन् । संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । कोशी **प्रदेश बालबालिका संरक्षण ऐन, २०७७** र नियमावली, २०८० तर्जुमा भई कार्यान्वयमा रहेको छ। राष्ट्रिय

जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा विवाहित महिलामध्ये **३४ प्रतिशतको बाल विवाह** भएको देखिन्छ।बालविवाह विरुद्ध सचेतनाका लागि **किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका,२०७९** अनुसार कोशी प्रदेशका १३७ वटै स्थानीय तहमा कार्यक्रम सञ्चालनमा छ। प्रदेशको सामाजिक विकास मन्त्रालयमा १५ वटा बालगृहहरू सूचीकृत भएका छन्। सूचीकृत बालगृहमा ३५७ बालबालिका आश्रित रहेका छन्।

## ६.८ युवा तथा खेलकुद

कोशी प्रदेशमा युवा जनसंख्या(१६-४० वर्ष) ४१.६७ प्रतिशत रहेको छ । संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक,आर्थिक-सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदान गर्न स्वस्थ्य,सक्षम र अनुशासित नागरिक तयार गर्न उपयुक्त अवसर प्रदान गर्ने कुराको उल्लेख छ । आ.व.२०८०/८१ राष्ट्रिय युवा परिचालन कार्यक्रम अन्तर्गत प्रदेशभित्रका सरकारी कार्यालय,अस्पताल, भेटेरिनरी, विद्यालय र सामुदायिक संस्थाहरूमा २३७ जना स्वयंसेवकहरू परिचालन भएका छन्।

विराटनगरको शहीद रंगशालामा फ्लडलाइट जडान, भोजपुर रंगशाला लगायत ५० वटा ठूला खेलपूर्वाधारहरु प्रदेश सरकारबाट निर्माण सम्पन्न भएका छन्। कोशी प्रदेशको इटहरीमा प्रादेशिक रङ्गशाला, मोरङको वैजनाथपुरमा क्रिकेट रङ्गशाला, शहीद रङ्गशाला विराटनगर लगायत सबै जिल्लामा जिल्लास्तरीय खेलमैदान तथा रङ्गशालाहरू स्थापना भएका छन्। प्रदेश खेलकुद विकास बोर्ड र १४ वटा जिल्ला खेलकुद विकास समितिबाट खेलकुद क्षेत्रको विकास एवम् प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम र प्रतियोगिताहरू सञ्चालन भएका छन्।

## ६.९ गैरसरकारी क्षेत्र

सामाजिक विकास कार्यमा संलग्न संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेशी र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरुको नियमन गर्न तथा प्रादेशिक प्राथमिकताका क्षेत्रमा कार्य गर्न सामाजिक संस्थाहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले कोशी प्रदेशमा **सामाजिक विकास संस्था ऐन, २०७५**र नियमावली, २०७५ तर्जुमा भएको छ। प्रदेशको सामाजिक विकास मन्त्रालयमा २०८० चैत्रसम्म दर्ता भएका गैरसरकारी संस्था ३५ वटा र सूचीकृत भएका संस्थाको सङ्ख्या २९७ पुगेको छ। कोशी प्रदेश सरकारबाट तर्जुमा भएको **अन्तर्राष्ट्रिय विकास सहायता परिचालन तथा समन्वयसम्बन्धी कार्यविधि, २०७८** अनुसार विकास सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यक्रम तथा प्रगति विवरण प्रविष्ट गर्न विकास साझेदार पोर्टल (DP's Portal) निर्माण भई सञ्चालनमा रहेको छ।

## ६.१० विज्ञान तथा प्रविधि

वर्तमान युग विज्ञान प्रविधिको युग हो। विज्ञान प्रविधिको विकास र उपयोगबाट नै समृद्धि हासिल गर्न सकिन्छ। संविधानले वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक,प्राविधिक,बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति लिएको छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ अनुसार प्रदेशस्तरमा वैज्ञानिक अध्ययन

अनुसन्धान एवम् विज्ञान प्रविधिको आविष्कार र विकास, विज्ञान प्लानिटोरियमको स्थापना र सञ्चालन गर्ने कार्यक्षेत्र सामाजिक विकास मन्त्रालयमा रहेको छ। विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना, क्याम्पस तथा विश्वविद्यालयमा आविष्कार केन्द्र स्थापना तथा प्रयोगशाला सुदृढिकरणका लागि प्रदेश सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ।

## ६.११ श्रम तथा रोजगार

नेपालको संविधान, दिगो विकास लक्ष्य तथा अन्य क्षेत्रगत कानूनले गरिबी निवारण र रोजगारीलाई केन्द्रित गरी नीति तथा कार्यक्रम तर्जुमा गर्दै आएका छन्। सन् २०३० सम्ममा बालश्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी दर १० प्रतिशतभन्दा तल झार्ने लक्ष्य लिएको छ। नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा कोशी प्रदेशमा बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कोशी प्रदेशका ११६ स्थानीय तहमा सञ्चालित १,२२८ आयोजनाबाट औसत ६४.९५ दिनका आधारमा कुल १ लाख ७ हजार ९ सय ४२ जनाले रोजगारी प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशबाट ७० हजार ६ सय २३ व्यक्तिले नयाँ श्रम स्वीकृति लिएकोमा महिलाको अंश १४.३ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०७९/८० मा ७४,४३८ जनाले नयाँ श्रम स्वीकृति लिएका छन्।

## ६.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण

कला, भाषा, धर्म, संस्कृति, ऐतिहासिक सम्पदा, परोपकारी गुठी प्रणाली आदि नेपालको मौलिक राष्ट्रिय पहिचानहुन्। संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रका रूपमा परिभाषित गरेको छ। नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा अवलम्बन गर्दै आफ्नो भाषा,लिपि,संस्कृति,सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ । प्रदेशभित्र रहेका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण संवर्धन रविकास गर्ने उद्देश्यले **प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन,२०७९** जारी भएको छ।कोशी प्रदेशमा ३३ वटा सङ्ग्रहालयहरू रहेका छन्। धनकुटामा प्रदेश सङ्ग्रहालय रहेको छ। सबैभन्दा बढी धनकुटा र सुनसरी जिल्लामा ५/५ वटा सङ्ग्रहालयहरू रहेका छन्।

### (ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५८ | ०.६० | ०.६६ | ०.७२ | ०.७८ |
| २. | साक्षरता दर | प्रतिशत | ७९.७ | ८१.२ | ८२.३ | ८४.५ | ८७.७ |
| ३. | आधारभूत (१-८) को खुद भर्ना दर | प्रतिशत | ९५.३ | ९५.९ | ९६.० | ९६.४ | ९७.० |
| ४. | माध्यमिक (९-१२)को खुद भर्ना दर | प्रतिशत | ५६.२ | ५८.५ | ६२.२ | ६५.५ | ७०.० |
| ५. | घर जग्गामा महिलाको स्वामित्व | प्रतिशत | २८.४ | ३०.२ | ३३.० | ३५.० | ४०.० |
| ६. | लैङ्गिक उत्तरदायी बजेट (प्रत्यक्षलाभ) | प्रतिशत | ४०.६ | ३३.१ | २३.८ | ३४.१ | ४०.७ |
| ७. | दीर्घकालीन पुनःर्स्थापना गृह | संख्या | १ | १ | २ | २ | ३ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ८. | अल्पकालीन पुनःस्र्थापना गृह | संख्या | १६ | १७ | १८ | १९ | २० |
| ९. | बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७०.८ | ७५.२ | ७८.० | ८०.० | ८४.५ |
| १०. | खेल मैदान/रङ्गशाला स्तरोन्नति | संख्या | १५५ | २०० | २२० | २३० | २४० |
| ११. | सामाजिक विकास मन्त्रालयमा दर्ता भएका गैरसरकारी संस्था | संख्या | ३४ | ४० | ४५ | ५२ | ५८ |
| १२. | सूचीकृत गैरसरकारी संस्था | संख्या | १७० | ३०५ | ३५० | ४१५ | ५०० |
| १३. | व्यवसायिक सीप विकास तालिम | सहभागी | १२६५ | १५६० | १७५० | २०२५ | २१०० |

## (ग) सामाजिक विकास मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तहमा हस्तान्तरण (सशर्त अनुदान) | प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक/विशेष अनुदान |
| २०८१/८२ | १९८०८६० | ११७५१३६ | १४९०८० | ६५६६४४ | १२८१८५८ | ६१९००२ | ८०००० |
| २०८२/८३ | २५९३२७३ | १५५३६३३ | २५४५०० | ७८५१४० | १६८२८७३ | ७८५४०० | १२५००० |
| २०८३/८४ | ३०७२०३४ | १८३८००२ | ३२६५०० | ९०७५३२ | २०९६०३४ | ८२६००० | १५०००० |

## (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | सामाजिक विकास मन्त्रालयको प्रशासनिक भवन निर्माण | कार्यालय व्यवस्थापन | २०८१/८२ | ८००० | सेवा सुदृढीकरण |
| २. | स्मृति प्रतिष्ठान, प्रतिष्ठान, फाउण्डेशन, अध्ययन तथा अनुसन्धान केन्द्ररुलाई अनुदान | सामाजिक विकास | सालबसाली | ५००० | अध्ययन, अनुसन्धान |
| ३. | विभिन्न जातजातीका समाधिस्थल, कब्रस्थान र घाटहरुको निर्माणका साझेदारीमा अनुदान | मृत्युसंस्कार व्यवस्थापन | " | ५००० | घाट/स्थल निर्माण हुने |
| ४. | व्यायमशाला सामाग्री खरिद तथा निर्माण | खेल प्रवर्द्धन | " | ५००० | |
| ५. | आदिवासी रगशाला DPR तयारी कमल गा.पा. | " | २०८१/८२ | ५००० | विस्तृत अध्ययन |
| ६. | राष्ट्रपति रनिङ्ग शिल्डप्रतियोगिता | " | सालबसाली | ५००० | खेल सञ्चालन |
| ७. | दशौं राष्ट्रिय खेलकुद प्रदेशको तयारी तथा | " | २०८१/८२ | १०००० | " |

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | सहभागिता | | | | |
| ८. | प्रस्तावमा आधारित खेल सम्वन्धि संघ सस्थाहरुलाई अनुदान | " | सालबसाली | ५००० | " |
| ९. | सामुदायिक सिकाइ केन्द्रहरूको सुदृढिकरणका लागि प्रस्तावमा आधारितअनुदान | साक्षरता अभिवृद्धि | " | ५६०० | सिकाई केन्द्र सुदृढीकरण |
| १०. | पशु विज्ञान र वाली विज्ञानकाविद्यार्थीहरुका लागि प्रयोगात्मक उत्पादनका आधारमा प्रोत्साहन | प्राविधिक शिक्षा प्रवर्द्धन | " | ५००० | विद्यार्थीलाई प्रोत्साहन हुने |
| ११. | मनमोहन प्राविधिक विश्वविद्यालय चालु अनुदान | " | " | ६५००० | प्रावधिक उच्च शिक्षा प्रवर्द्धन |
| १२. | मनमोहन प्राविधिक विश्वविद्यालयको लागि वि. पि. एच र वि फार्मेसी छात्रवृत्ति कार्यक्रम | " | " | ११२५० | |
| १३. | मनमोहन प्राविधिक विश्वविद्यालयको स्नातकोत्तर तहको कार्यक्रम निरन्तरता | " | " | ५००० | " |
| १४. | प्राविधिक शिक्षा डिप्लोमातहका लागि छात्रवृत्ति (कृषि तथा पशु विज्ञान ) | " | " | ५००० | " |
| १५. | मनमोहन प्राविधिक विश्वविद्यालयको शैक्षिक, प्रशासनिक तथा परिक्षाभवन निर्माण आयोजना | " | बहुवर्षीय/ क्रमागत | ८०००० | निर्माण सम्पन्न हुने |
| १६. | स्थानीय तहको साझेदारीमा बालमैत्री विद्यालय सञ्चालनको लागिप्रस्तावमा आधारित अनुदान | बालविकास | सालबसाली | १०००० | विद्यालय शिक्षासुधार |
| १७. | विद्यालयमा स्वच्छ पिउने पानी प्रवन्ध कार्यक्रम | शुद्ध पानीको व्यवस्था | " | ५००० | " |
| १८. | शिक्षण र अनुगमनमा ICT को प्रयोगका लागि ब्यवस्थापन | प्रविधिमैत्री शिक्षा | " | ५००० | " |
| १९. | धार्मिक प्रकृतिका विद्यालयहरुलाई प्रस्तावमा आधारित अनुदान | धार्मिक शिक्षा प्रवर्द्धन | " | ५००० | " |
| २०. | बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुका लागि पुन एकिकरण परियोजना (संघ शसर्त अनुदान) | रोजगार प्रवर्द्धन | २०८१/८२ | १२१५० | ज्ञान, सीप र प्रविधि प्रयोग |
| २१. | विद्यालय शिक्षा क्षेत्र योजना- संघ सशर्त अनुदान | शिक्षा क्षेत्रको सुदृढीकरण | " | ११०७४६ | विद्यालय शिक्षासुधार |
| २२. | सामाजिक विकास कार्यक्रम(संघ शसर्त अनुदान) | सामाजिक विकास | " | ११३५० | सशक्तिकरण र उद्यम |

# परिच्छेद ७
# स्वास्थ्य मन्त्रालय

## (क) पृष्ठभूमि

### ७.१ स्वास्थ्य तथा पोषण

मानव विकास सूचकाङ्क (HDI) का तीन अवयव मध्ये स्वस्थ जीवन एक मुख्य आधार हो ।नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकले निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको बारेमा जानकारी पाउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । प्रदेश जनस्वास्थ्य ऐन, २०७७ कार्यान्वयनमा रहेको छ । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा औषत आयु ७०.४ वर्ष र कुल प्रजनन दर १.८ प्रतिशतरहेको छ। नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार प्रदेशमा पाँच वर्षमुनिका पुड्कोपना भएका बालबालिका २० प्रतिशत (राष्ट्रिय औसत २४.८%), मातृमृत्युदर १५७ प्रति लाख जीवित जन्ममा (राष्ट्रिय औसत १५१जना), स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला ८१.५ प्रतिशत, नवजात शिशु मृत्युदर १९ (प्रति हजार जीवित जन्ममा) रहेको छ। प्रदेशका करिब ४५ प्रतिशत जनसंख्या स्वास्थ्य बीमामा आवद्ध भएका छन्।

### ७.२ जनसङ्ख्या तथा बसाइँसराई

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्या मध्ये कोशी प्रदेशमा १७.०१ प्रतिशत अर्थात् ४९,६१,४१२ रहेको छ । रहेको छ। प्रदेशको कुल जनसङ्ख्यामध्ये महिलाको हिस्सा ५१.२८ प्रतिशत र पुरुषको हिस्सा४८.७२प्रतिशत रहेको छ। प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.८६ प्रतिशत, जनघनत्व १९२ जना (प्रति व.कि.मि.), औषत परिवार आकार ४.१६ जना, लैंगिक अनुपात ९५.०२ (प्रति १०० जना महिलामा), शहरी जनसंख्या २२.९ प्रतिशत रहेको छ। कोशी प्रदेशका १० जिल्लाको जनसङ्ख्या वृद्धि दर ऋणात्मक रहेको छ। प्रदेशको कुल बसाईसराई दर (प्रतिलाखमा) ४,०७७ रहेको छ भने देश बाहिर अन्यत्र अक्सर बसोबास गर्ने जनसंख्या ६.९१ प्रतिशत रहेको छ।

## (ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन | प्रतिशत | ९.०५ | ९.७ | १०.२ | ११.० | ११.४ |
| २ | औषत आयु | वर्ष | ७०.४ | ७१.० | ७२.५ | ७३.० | ७३.५ |
| ३ | पाँच वर्ष मुनीको बाल | प्रति हजार जीवित जन्ममा | ३४ | ३३ | ३१ | २९ | २७ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| | मृत्युदर | | | | | | |
| ४ | शिशु मृत्यु दर | प्रति हजार जीवित जन्ममा | २८ | २७ | २५ | २२ | २० |
| ५ | नवजात शिशु मृत्यु दर | प्रति हजार जीवित जन्ममा | १९ | १७ | १६ | १५ | १४ |
| ६ | पुड्कोपना भएका बालबालिका | प्रतिशत | २४.९ | २० | १९ | १८ | १७ |
| ७ | कम तौल भएका बालबालिका | प्रतिशत | १९.८ | १३ | १२ | ११ | १० |
| ८ | ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ३.८ | ३.६ | ३.४ | ३.२ | ३.० |
| ९ | बालबालिकामा रक्तअल्पता | प्रतिशत | ३४ | ३३.९ | ३२ | ३० | २८ |
| १० | महिलामा रक्तअल्पता | प्रतिशत | ३४ | २७.६ | २५ | २२.४ | २०.८ |
| ११ | स्वास्थ्य संस्थामा प्रसुति सेवा दर | प्रतिशत | ७६ | ८१.५ | ८४ | ८६ | ८७ |

### (ग) स्वास्थ्य मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तहमा हस्तान्तरण (सशर्त अनुदान) | प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) | संघ सशर्त अनुदान | समपूरक/ विशेष अनुदान |
| २०८१/८२ | ३५८६७९२ | २९१४३१९ | ४६३१७३ | २०९३०० | २५९६४४७ | ९९०३४५ | |
| २०८२/८३ | ४३८८६१५ | ३५९६११५ | ५६३००० | २२९५०० | ३३३४६१५ | १०५४००० | |
| २०८३/८४ | ५००३०२७ | ४०८९१७७ | ६५७८५० | २५६००० | ३९१७०२७ | १०८६००० | |

नोटः- अस्पताल भवन निर्माणमा विशेष अनुदानको बजेट भौतिकपूर्वाधार विकास मन्त्रालय अन्तर्गत रहेको छ।

### (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्यको केन्द्रिकृत सर्भर निर्माण | सेवा प्रवाह सुदृढीकरण | २०८१/८२ | ७५०० | स्वास्थ सेवा सुदृढीकरण तथा सेवा विस्तार भएको हुने |
| २. | शैलजा आचार्य हृदयरोग केन्द्र सञ्चालन | स्वास्थ्य सेवा विस्तार | सालबसाली | ५००० | |
| ३. | आपतकालिन/आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन | आकस्मिक उपचार | " | २५००० | |

| क्र. सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४. | विशेषज्ञ सेवा सहितको कोशी प्रदेश घुम्ती स्वास्थ्य शिविर संचालनतथा व्यवस्थापन | स्वास्थ्य सेवा विस्तार | २०८१/८२ | १०००० | |
| ५. | Kathmandu Institute of Children Hospital (KIOCH) संचालन अनुदान | " | " | १०००० | |
| ६. | सुनाइ सम्वन्धि अपाङ्गता भएका र श्रवण दृष्टिविहिननागरिकहरुको स्वास्थ्य उपचार लगायतमा दोभासे करार | " | सालबसाली | ५००० | " |
| ७. | गर्भवती, सुत्केरीको निदानात्मक सेवा (प्रयोगशाला र भिडियो एक्सरे) र १० वर्ष मुनिका लक्षित वर्गका बालबालिकाहरुकोनिःशुल्क उपचार सेवा | " | " | १०००० | " |
| ८. | कडा रोग लागेका विपन्न नागरिकलाई औषधि उपचार खर्च | उपचार सहायता | " | ५०००० | विपन्न नागरिक सहायता |
| ९. | ग्रामिण अल्ट्रासाउन्ड खरिद | सेवा प्रवाह सुदृढीकरण | २०८१/८२ | १५६०० | स्वास्थ्य सेवा विस्तार |
| १०. | प्रयोगशाला सपोर्ट Semi Analyser machine खरिद | " | " | ७५०० | " |
| ११. | अस्पतालमा सेवा निरन्तरताका लागि अन्य औजार उपकरण खरिद | " | सालबसाली | ३०००० | |
| १२. | विद्यालय नर्स कार्यक्रमका लागि औजार उपकरण खरिद खरिद | बालस्वास्थ्य प्रवर्द्धन | " | ६००० | |
| १३. | Fully Automated Biochemistry Analyser खरिद | सेवा विस्तार | २०८१/८२ | २५००० | |
| १४. | hematology analyzer (5 parts) खरिद | " | " | २०००० | |
| १५. | एक्सरे मेशिन (डिजिटल सिस्टम) खरिद | " | " | ६२५०० | |
| १६. | सिटिस्क्यान मेशिन खरिद | " | " | ७०००० | |
| १७. | Laproscopic तथा Colposcopy उपकरण खरिद | " | " | ७००० | |
| १८. | Maternity Ward निर्माण | मातृस्वास्थ्य | " | ३०००० | |
| १९. | प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा सुदृढीकरण एवं विस्तार | स्वास्थ्य सेवा विस्तार | सालबसाली | ५००० | |
| २०. | DR X-Ray खरिद तथा जडान | " | २०८१/८२ | ५००० | |
| २१. | उपचारात्मक सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | " | सालबसाली | २२५०० | |
| २२. | आयुर्वेद सेवा कार्यक्रम(संघ शसर्त अनुदान) | आयुर्वेद चिकित्सा | " | ३७७१८ | |
| २३. | परिवार कल्याण कार्यक्रम(संघ शसर्त अनुदान) | मातृस्वास्थ्य | " | ५३९७०७ | |
| २४. | महामारी रोग नियन्त्रण कार्यक्रम (संघ शसर्त) | नियन्त्रण तथा उपचार | " | ३१६११ | |
| २५. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम (संघ शसर्त) | जनस्वास्थ्य प्रवर्द्धन | " | ४७९९८ | |

# परिच्छेद ८
# भौतिक पूर्वाधार विकास मन्त्रालय

(क) पृष्ठभूमि

## ८.१ यातायात पूर्वाधार विकास

नेपालको संविधानमा प्रदेश लोकमार्ग प्रदेश सरकारको कार्यक्षेत्र भित्र रहेको छ । सर्वसाधारण जनतामा सडकको सहज पहुँच, सुविधामा अभिवृद्धि गर्न तथा सन्तुलित आर्थिक विकासका लागि प्रदेश भित्रका सार्वजनिक सडकहरुको वर्गीकरण गरी सडकको निर्माण, संभार, विस्तार तथा सुधार गर्ने उद्देश्यले **प्रदेश सार्वजनिक सडक ऐन, २०७७** तर्जुमा भई कार्यान्वयनमा रहेको छ। कोशी प्रदेशका दुईवटा स्थानीय तह बाहेक सबै स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुगेको छ। प्रदेशबाट २०८० चैत्रसम्म झोलुङ्गे पुल १८४ वटा र सडक पुल ८० वटा निर्माण भएका छन् भने जम्मा ५ सय २८ किलोमिटर सडक कालोपत्रे, १ हजार २ सय ५७ किलोमिटर ग्राभेल, १ हजार १ सय २ किलोमिटर कच्ची सडक र मर्मत तथा ट्र्याक ओपन सहित जम्मा ४ हजार ३ सय ६६ किलोमिटर सडक निर्माण तथा स्तरोन्नति भएको छ।

## ८.२ भवन, आवास तथा शहरी विकास

स्वच्छ वातावरण र आवासलाई संविधानले मौलिक हकको रूपमा व्यवस्थित गरेको छ। आवासीय, व्यवसायिक तथा संस्थागत भवन निर्माण कार्यलाई सुरक्षित एवम् सुविधायुक्त बनाउन डिजाइन, नक्सापास, निर्माण अनुमति, मापदण्ड निर्धारण तथा नियमनका विषयमा कानूनी व्यवस्था गरी **प्रदेश भवन ऐन, २०७६** जारी भएको छ। प्रदेश सरकारबाट २०८० चैत्रसम्म ३३ वटा सरकारी भवन, १०५ वटा सामुदायिक भवन, ११ वटा भ्यूटावर/गेट निर्माण, १८ वटा वसपार्क निर्माण, ४६ वटा पार्क निर्माण र ५४ वटा एकीकृत वस्ती विकास गरिएको छ। जनता आवास कार्यक्रमबाट आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका ५ हजार ९ सय १० वटा परिवारको आवास निर्माण सम्पन्न भएको छ।

## (ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | कच्ची सडक निर्माण | कि.मि | १३५४ | १५०५ | १५४५ | १६३० | १७१५ |
| २. | ग्राभेल सडक निर्माण | कि.मि | ११४९ | १४६० | १६५० | १८०० | २१५६ |
| ३. | कालोपत्रे सडक " | कि.मि | ६१४ | ९५० | ११०० | १३८० | १४६० |
| ४. | सडक पुल निर्माण | संख्या | ७४ | ८४ | ९२ | १०५ | ११२ |
| ५. | झोलुङ्गे पुल निर्माण | संख्या | १५९ | १९० | २०४ | २२३ | २५० |
| ६. | सडक मर्मत सम्भार | कि.मि | १०२४ | १०८४ | ११०५ | ११८५ | १२५० |
| ७. | सडक घनत्व | प्रति व.कि.मि. | ०.५१ | ०.५२ | ०.५३ | ०.५४ | ०.५५ |
| ८. | पालिका केन्द्रसम्म सडक जोडिएका स्थानीय तह | सङ्ख्या | १३२ | १३५ | १३६ | १३७ | - |
| ९. | जनता आवास कार्यक्रम | भवन संख्या | ७१२ | ५९२५ | ६५१४ | ७२४५ | ८७८२ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १०. | प्रादेशिक सडक निर्माण (बहुवर्षीय) | संख्या | १३ | २७ | ४२ | ५५ | ७८ |

## (ग) भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तहमा हस्तान्तरण (सशर्त अनुदान) | प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक/विशेष अनुदान |
| २०८१/८२ | १०४१५१६५ | ४७९०३८ | ९९३६१२७ | ० | ८१५५५२२ | ११९१०४३ | १०६८६०० |
| २०८२/८३ | १२००८८४७ | ५०५६२० | ११२४७१८७ | २५६०४० | ९३४३२४७ | १२६३००० | १४०२६०० |
| २०८३/८४ | १३४२९१७७ | ५२३५६० | १२६००५७२ | ३०५०४५ | १०४६९१७७ | १४५०००० | १५१०००० |

## (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण(आ.व.२०८१/८२ मा रु.३ करोड भन्दा बढी विनियोजन भएको)

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | सहिद वेपत्ता परिवार आवास निर्माण सहयोग कार्यक्रम | सुरक्षित आवास निर्माण | २०८१/८२ | ३०००० | आवास निर्माण हुने |
| २. | प्रदेशिक मन्त्रालयको नयाँ भवन संरचना निर्माण | प्रशासनिक व्यवस्थापन | | ३०००० | सम्भाव्यता अध्ययन |
| ३. | बेली ब्रिज खरिद कार्य | पहुँच विस्तार | क्रमागत | ७०००० | विपद्को समयमा उपयोगी हुने |
| ४. | सप्तमी दशमी ओखरबोटे मौवा आंग्ना लखुवा दोभान सडक निर्माण, पाँचथर | सडक पहुँच विस्तार | क्रमागत/ बहुवर्षीय | १५०००० | सडक पहुँच विस्तार हुने |
| ५. | संक्रान्ति बजार देखि खाम्लालुंग हुदै सन्दु भण्डारी डाँडा सडक निर्माण, तेह्रथुम | " | " | २०१३०० | |
| ६. | षडानन्द १२ तुर्केपुल झ्याउँपोखरी साङपाङ हुँदै फालिदोबाटो सडक भोजपुर | " | " | १३०००० | |
| ७. | इलाम बजार सन्दकपुर पर्यटकिय सडक | पर्यटन प्रवर्द्धन | " | ५५००० | |
| ८. | भद्रपुर ज्यामिरगढी धुलाबारी -गुजा बस्ती मागुर्माडी शान्तिनगर हुदै इरौटार (धुलाबारी इरौटार खण्ड) | सडक पहुँच | " | ९०००० | |
| ९. | जिल्ला अस्पताल ताप्लेजुङमा सेवा विस्तार तथा स्तरोन्नती | स्वास्थ्य सेवा विस्तार | " | १००००० | स्वास्थ्य सेवा प्रवर्द्धन हुने। |
| १०. | धनकुटा अस्पतालको भवन निर्माण आयोजना | " | " | १५३६०० | |
| ११. | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरको भवन निर्माण | " | क्रमागत | ९०००० | |

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १२. | प्रादेशिक रेफरल भेटेरिनरी अस्पताल निर्माण तथा सञ्चालन | " | | ७०००० | पशु सेवा प्रवर्द्धन |
| १३. | दुधकोशी नदी पुल, चुहार उदयपुर र भोजपुर सिमा | सडक पहुँच | क्रमागत/ बहुवर्षीय | ३४००० | सडक पहुँच विस्तार हुने |
| १४. | फुङलिङ तोक्मेडाँडा सल्लेरी-दोखु-कामीडाँडा-थेचम्बु-चाक्सीबोटेहुँदै खाम्देम्बे -तेल्लोक-याम्फुदिन-कन्चनजंघा बेसक्याम्प सडक कालोपत्रे ताप्लेजुङ | " | " | ३०००० | |
| १५. | सरखण्डे यासोक सडक | " | " | ३२००० | |
| १६. | शिव दोभान लुम्फावुङ नवमीडाँडा सडक | " | | ३०००० | |
| १७. | फुन्लिंग न पा -नाईखोल्यंग – कामिडाडा थेचम्बु-चाक्सीबोटे थुम्बेदीन हेलुम्बा खाम्देम्बे तेल्लोक ममंखेयाम्फुदें कंचनजंघा बेस क्याम्प सडक | " | " | ३०००० | |
| १८. | गुफा भुजे देउराली गोरजा चागे दोभान जोडे सडक | " | " | ३०००० | |
| १९. | बरडाँडा साब्लाखु लिम्बुदीन मेहेले सुरुमखिम कंचनजंघा सडकताप्लेजुंग | " | " | ३०००० | |
| २०. | गुफा पोखरी चैनपुर बाह्रबीसे सडक संखुवाभा | " | " | ७०००० | |
| २१. | मानेभन्जयाङ्ग चन्दनपुर हेलुवावेशी सडक संखुवासभा | " | " | ५०००० | |
| २२. | तुम्लिङटार एयरपोर्ट-होक्से पाँचखपन जोड्ने सभाखोलामा सडक पुल, संखुवासभा | " | " | ३५००० | |
| २३. | भोजपुर दिङला सडक ( भोजपुर तिनतले खण्ड) | " | " | १४०००० | |
| २४. | भोजपुर दिङला सडक ( तिनतले दिङला खण्ड) | " | " | ३६५०० | |
| २५. | महालक्ष्मी न.पा. नागेश्वर मार्ग रामबजार गठ जितपुर हुँदै सिधुवाबजार सम्म सडक | " | " | ४०००० | |
| २६. | भोजपुर टक्सार मानेभन्ज्यांग बैकुंठे बासिखोरा बलंखा रानीटार | " | " | ४०००० | |
| २७. | गुठीटार बाघखोर छिदी सडक कालोपत्रे | " | " | ३२००० | |
| २८. | हिले उतरपानी छिन्तांग ज्यामिरे सडक | " | " | ४०००० | |
| २९. | नेले चारघरे मुक्ली थुलुंग दुधकोशी सडक सोलुखुम्बु | " | " | ४०००० | |
| ३०. | मानेमन्ज्याङ माधवपुर ठाडखोला सिस्नेरी बलखु सिन्धुली खान्गसाइग सडक कालोपत्रे गर्ने कार्य | " | " | ४०००० | |
| ३१. | निर्वाचन क्षेत्र नं. १ रिङरोड (रुम्जाटार -जन्तरखानी-रावादुलु-खिजिफलाटे-हर्कपुर-रातमाटे माम्खा) | " | " | ४०००० | |
| ३२. | नेले तुम्से कागेलटार वाचिम जुभो खनियाखर्क हुँदै ऐसेलु खर्क जोडने सडक | " | " | ३५००० | |
| ३३. | नेले सोताङ महाकुलुङ सडक स्तरोन्नति | " | " | ४०००० | |
| ३४. | देउरीश्रीपुर दमौती बुर्जाकान्ला लालपत्ता पात्ले घनचक्रे सडक | " | " | ३०००० | |
| ३५. | मैनामैनी हसनपुर चुहार सडक-उदयपुर,भोजपुर | " | " | ३२५०० | |
| ३६. | उदयपुर गाइघाट रसुवाघाट पाँच पान्धारे सडक, | " | " | ३०००० | |

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | खोटाङ | | | | |
| ३७. | दिपुटोल उत्तर भोट खोला पानी टंकी खाट मन्दिर झोरा बागल टोल देउरीश्रीपुर पानी टंकी पुष्प बाटिका लाइन टोल हुदै रास्ट्रिय मा बि राई टोल बगाहाचौक सडक, त्रि.न.पा. ९,८,६,५,४, उदयपुर | " | " | ३०००० | |
| ३८. | रानीवास रौतापोखरी रसुवाघाट सडक (रानीवास डहरे रौतामाई खण्ड) | " | " | ३०००० | |
| ३९. | रक्से गाग्रे भन्ज्याङ्ग जितपुर बेलासे सोक्तिम सडक | " | " | ३०००० | |
| ४०. | देउराली फलाटे गजुरमुखी इभाङ्ग खण्ड(राँकै गैडे सडक) | सडक पहुँच विस्तार | क्रमागत/ बहुवर्षीय | ३५००० | |
| ४१. | मेचि राजमार्ग बागाडागीबाट उत्तर सितागढी हुँदै बालुबाडी हल्दीबारी  विर्तामोड सडक | " | " | ३०००० | |
| ४२. | भद्रपुर फडानिपुल इट्टाभट्टा बौध मोड सलकपुर इलामसडक | " | " | ३०००० | |
| ४३. | अमरपथ सडक कन्काई न ३ सुरुंगा देखि बोर्डर सम्म | " | " | ३०००० | |
| ४४. | वेलवारी न पा वार्ड नं.११ प्रगतिमार्ग-जुराहा-पृथ्वीमार्ग वडाकार्यालय पश्चिम मिलनटोल माझीगाउँ सभापुर भक्काचोक पूर्व जनता मा वि हुँदै जाने सडक | " | " | ३०००० | |
| ४५. | एकिकृत पूर्वाधार विकास, फाल्गुनन्द बसपार्क, दमक २ झापा | व्यवस्थित वसपार्क | " | ५०००० | |
| ४६. | कोशी रिफ्रेशमेन्ट सेन्टर परियोजना पूर्वाधार निर्माण | | " | ५०००० | |
| ४७. | सुनसरी जिल्लाको राधाकृष्ण मन्दिर-बुद्धदेब मण्डल-सिद्धार्थप्रा.वि-गणेसपुर-वन्कुलुवा-चिनीमिल हुदै रामधुनी नयाँ सडक | सडक पहुँच विस्तार | RCIP/ ए डि बी | ३०१६० | |
| ४८. | भोजपुर जिल्लाको दुधकोशी पुल- चुहार (हसनपुर)-फलाम ढुङ्गा- गोरेटा सडक | " | " | ३१२९५५ | |
| ४९. | सोलुखुम्बु जिल्लाको फाप्लु-रिङमु-तान्सिन्दु-नुनथाला हुदै खुम्बुपासाङ ल्हामु गाँउपालीका जोड्ने सडक ( सगरमाथा मार्ग) | " | " | १४४६०० | |
| ५०. | सुनसरी जिल्लाको राधाकृष्ण मन्दिर-बुद्धदेब मण्डल-सिद्धार्थप्रा.वि-गणेसपुर-वन्कुलुवा-चिनीमिल हुदै रामधुनी नयाँ सडक | " | " | २११३०० | |
| ५१. | पाँचथर जिल्लाको फिदिम फलोट (लुदिन-फलोट खण्ड) सडक | " | " | ११८४०० | |
| ५२. | ओखलढुङ्गा जिल्लाको रामपुर-प्रप्चा श्रीचौर फिजीफलाटे(निभारे) खिजीकाली (कुण्डली) रावादोलु भसीडगा सडक | " | " | १२०५०० | |

# परिच्छेद ९
# खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय

(क) पृष्ठभूमि

## ९.१ खानेपानी तथा सरसफाई

स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाई सेवा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा सहज रुपमा उपलब्ध गराउन र ढल निकास र फोहोर पानीको व्यवस्था गर्ने सम्बन्धमा व्यवस्था गर्न **खानेपानी तथा सरसफाई ऐन, २०७९** तर्जुमा भई कार्यान्वयमा रहेको छ। कोशी प्रदेशमा ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ भने १९ प्रतिशतमा सुरक्षित खानेपानीको सुविधा पुगेको छ। प्रदेशका ९८.६८ प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाइ सुविधा पुगेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसारकोशी प्रदेशमा खानेपानीको मुख्य स्रोतको रूपमा धारा/पाइप (घर-परिसरभित्र) प्रयोग गर्ने ३४.२ प्रतिशत, धारा/पाइप (घर-परिसर बाहिर) प्रयोग गर्ने २०.१ प्रतिशत र ट्युवबेल/हातेपम्प प्रयोग गर्ने ४०.४ प्रतिशत परिवार रहेका छन्। यसैगरी प्रदेशका ६३.२५ प्रतिशत परिवारले फ्लस भएको शौचालय प्रयोग गरेका छन् भने ३.१६ प्रतिशत (३७,६५३ परिवार) मा शौचालय छैन।

## ९.२ सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन

नेपालको संविधानमा जलस्रोतको बहुपयोगी विकास गर्ने, जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्नेराज्यको नीति रहेको छ । जलस्रोतको उपयोगबाट सिंचाई सेवाको विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न भरपर्दो, पहुँचयोग्य र सहभागितामूलक सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले **प्रदेश सिंचाई ऐन, २०७५** कार्यान्वयमा रहेको छ।

नेपालमा कुल ३५ लाख ५७ हजार ७ सय हेक्टर जमिनमध्ये २५ लाख ३६ हजार हेक्टर जमिन सिँचाइ योग्य जमिन रहेको छ।२०८० फागुनसम्म कुल १५ लाख ५७ हजार १ सय ४८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। सिँचाइ सुविधा पुगेका क्षेत्रमध्ये ६५.७ प्रतिशतमा सतह सिँचाइ पुगेको छ भने ३४.१ प्रतिशतमा भूमिगत सिँचाइ सुविधा पुगेको छ। कोशी प्रदेशको कुल कृषियोग्य जमिन (७,८३,५९५ हे) मध्ये संघ, प्रदेश र स्थानीय समेत गरी आ.व. २०७९/८० सम्म ३ लाख ४६ हजार ५३१ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ, भने वर्षभरि सिँचाइ हुने क्षेत्रफल २ लाख १० हजार ८ सय ८३ हेक्टर रहेको छ।

मनसुनी वर्षा, अति भिरालो भू-बनोट तथा कमजोर भौगोलिक स्थितिले जलउत्पन्न प्रकोपका घटनाहरू हुने गरेका छन्। जलउत्पन्न प्रकोपको क्षेत्रमा हिमशृङ्खलामा हुन सक्ने सम्भाव्य हिमपहिरोदेखि पहाडमा जाने पहिरो, नदी, खोलामा आउने बाढी, जग्गा कटान र बस्ती डुबानसम्मका विषय पर्दछन्। जनताको तटबन्ध विशेष कार्यक्रम एवम् नियमित नदी तथा पहिरो नियन्त्रण कार्यक्रम अन्तर्गत नदी नियन्त्रण साथै साना मझौला पहिरो रोकथाम तथा नियन्त्रण भएका छन्।

## ९.३ ऊर्जा

नेपालको लागि जलविद्युत नै ऊर्जाको महत्त्वपूर्ण एवम् भरपर्दो र दिघो स्रोतको रुपमा रहेको छ। नेपालको संविधानले जनसहभगितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा प्रदेश सरकारको अधिकार सूचीमा रहेको छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ऊर्जा क्षेत्रको योगदान २.५ प्रतिशत रहेको छ । प्रदेशमा उपलब्ध जलस्रोत, सौर्य शक्ति, वायु, कोइला, तेल, प्राकृतिक ग्यास, वायोग्यास र फोहोरजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतहरुको उपयोग गरी भरपर्दो, स्तरीय एवम् सुरक्षायुक्त विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले **प्रदेश विद्युत ऐन २०७६** लागू भएको छ।

२०८० फागुनसम्म यस प्रदेशमा ५७७ मेगावाट विद्युत उत्पादन भएको छ। कोशी प्रदेशका कुल जनसङ्ख्याको ९५.३ प्रतिशतमा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसारयस प्रदेशमा खाना पकाउन काठ दाउरा प्रयोग ५३.३८ प्रतिशतहुने गरेको छ, भने खाना पकाउने स्वच्छ इन्धनको प्रयोग गर्ने परिवार ४३ प्रतिशत रहेका छन् । यसैगरी बत्ती बाल्न स्वच्छ इन्धनको प्रयोग गर्ने परिवार ९८.७५ प्रतिशत रहेका छन्।

**(ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | आधारभूत खानेपानी पुगेको जनसंख्या | प्रतिशत | ८८.१ | ९०.० | ९२.० | ९३.५ | ९५.० |
| २. | सुरक्षित खानेपानी पुगेको जनसंख्या | प्रतिशत | १८ | १९ | २१ | २२ | २४ |
| ३. | सुधारिएको खानेपानीको स्रोत प्रयोग गर्ने परिवार | प्रतिशत | ९५.६ | ९६.२ | ९६.८ | ९७.५ | ९८.० |
| ४. | पानी परीक्षण प्रयोगशाला | संख्या | ० | १ | २ | ३ | ४ |
| ५. | आधारभूत सरसफाइ सेवा पुगेको जनसंख्या | प्रतिशत | ९६.० | ९८.७ | ९८.९ | ९९.२ | १००.० |
| ६. | कृषिजमिनमा सिँचाइ सुविधा | प्रतिशत | ४२.६ | ४५.० | ४६.३ | ४७.५ | ४८.७ |
| ७. | सतह सिँचाइ क्षेत्र विस्तार | हेक्टर (लाखमा) | ३.२६ | ३.३० | ३.३९ | ३.३६ | ३.४५ |
| ८. | भूमिगतसिँचाइ क्षेत्र विस्तार | संख्या | ३०२७३ | ३०४४५ | ३०४९५ | ३०५४५ | ३०५९५ |
| ९. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९५.८ | ९७.७ | ९८.४ | ९८.९ | ९९.५ |
| १०. | विद्युत उत्पादन (सौर्य समेत) | मेगावाट | ५१४ | ५७७ | ६०० | ७१५ | ८३० |
| ११. | जल उत्पन्न प्रकोप न्यूनीकरण (जमिन उकास) | हेक्टर | १५८४ | १७०० | २००० | २३०० | २६०० |

### (ग) खानेपानी सिंचाई तथा उर्जा मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तहमा हस्तान्तरण (सशर्त अनुदान) | वित्तीय व्यवस्था | प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक/ विशेष अनुदान |
| २०८१/८२ | ४७६२०७३ | ५६५५०० | ३७७९९७३ | ३९६६०० | २०००० | ४१५३४०० | ४०८६७३ | २००००० |
| २०८२/८३ | ५६६५३०३ | ५२५३०० | ४७५६००३ | ३५४००० | ३०००० | ४८४४११३ | ५२११९० | ३००००० |
| २०८३/८४ | ६४९५१५८ | ५०२५०० | ५६५६४५८ | ३०३२०० | ३३००० | ५४९०५४८ | ६५४६१० | ३५०००० |

### (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आ.व.२०८१/८२ मा रु.१ करोड भन्दा बढी विनियोजन भएको)

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १. | विद्युतीय सवारी साधन र सौर्य ऊर्जामा प्रयोग हुने ब्याट्रीउत्पादन गर्ने उद्योग प्रोत्साहन | | २०८१/८२ | ७०००० | |
| २. | विद्युतीय चार्जिङ स्टेशन निर्माण | | साल बसाली | ३०००० | |
| ३. | विद्युतीय सुदृढीकरण कार्यक्रम | | साल बसाली | १०००० | |
| ४. | जनताको जलविद्युत कार्यक्रम अन्तरगत शेयर लगानी | | सालबसाली | २०००० | |
| ५. | कन्काई व्यवस्थापन सिंचाई आयोजनामा Canal Top Solar सिस्टम जडान | | २०८१/८२ | ४०००० | |
| ७. | Roof top/Floating सौर्य उर्जा जडान कार्यक्रम | | साल बसाली | १०००० | |
| ८. | कन्काई घाटमा विद्युतीयशव दाह उपकरण तथा गृह निर्माण कार्य, कन्काई न.पा. झापा | | २०८१/८२ | २०००० | |
| ९. | कृषि सिंचाईका लागि विद्यूतीय सुदृढिकरण कार्यक्रम मोरङ | | २०८१/८२ | १५००० | |
| १०. | सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानी वितरण प्लान्ट जडान कार्यक्रम | | सालबसाली | ३०००० | |
| ११. | सोलार लिफ्ट खानेपानी कार्यक्रम | | सालबसाली | १०००० | |
| १२. | महालक्ष्मी न पा ३,४,५,६,७ र ९ को तल्लोभाग खा पा यो, धनकुटा | | | १३७०० | |

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १३. | लोभा खोला मुहान लोभा देउराली खा.पा.आ., षडानन्द ९,१२ | | | १२००० | |
| १४. | पूर्व राजापानी वृहत खा.पा.आ. डिप वोरिङ | | | १०००० | |
| १५. | दमक १० ओभरहेड खानेपानी ट्याङ्की सहित विस्तार | | | १०००० | |
| १६. | मिक्लाजोङ्ग खा.पा.आ. | | | १०००० | |
| १७. | पूवामझुवा खा.पा. आ. | | | १२५०० | |
| १८. | धरान उपमहानगरपालिका खानेपानी आयोजना डिपबोरिङ्ग निर्माण, धरानसुनसरी | | क्रमागत | ३३००० | |
| १९. | टार सोलार लिफ्ट सिंचाई कार्यक्रम | | सालबसाली | १०००० | |
| २०. | ठ्याउरे खोला फ्याउरे सि.यो., माई न. पा. | | | ३०००० | |
| २१. | होयाङ खोला सि.यो., फाकफोकथुम गा.पा. | | | १०००० | |
| २२. | बाघाखोला पुलुङ सिंचाइ आयोजना मादी ५, संखुवासभा | | बहुवर्षीय | २३८०० | |
| २३. | पिंगुवा खोला, सिरिङ्गे खोला पंचमी डाडा सिंचाइ योजनाम लालिगुराँसनपा ६,८,९ | | " | १५९०० | |
| २४. | लेगुवा खाडेप कुलो स्तर उन्नती, महालक्ष्मी न पा, लेगुवा, धनकुटा | | | १०००० | |
| २५. | साना किसान लक्षित सुख्खा राहत स्यालो ट्यूबवेल सिंचाई विषेशकार्यक्रम | | सालबसाली | ६०००० | |
| २६. | बहुनडाँगी डिप ट्यूववेल सिंचाइ आयोजना, मेची न.पा., झापा (२०० हे.) | सिंचित क्षेत्र विस्तार | | २०००० | |
| २७. | कन्काई सिंचाइ आयोजना, झापा | | सालबसाली | १०४५०० | |
| २८. | चन्दा मोहना सिंचाइ आयोजना | | सालबसाली | ६२५०० | |

# परिच्छेद १०
# पर्यटन, वन तथा वातावरण मन्त्रालय

(क) पृष्ठभूमि

## १०.१ वन, वातावरण तथा जलाधार व्यवस्थापन

कोशी प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी ४८.९६ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ । यस प्रदेशको वन, वातावरण तथा जलाधारको संरक्षण,व्यवस्थापन र नियमन गर्न कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ र प्रदेश वन ऐन,२०७७ लागू भएको छ । कोशी प्रदेशको वनक्षेत्रमध्ये उच्च हिमालमा ७ प्रतिशत, उच्च पहाडमा ३४ प्रतिशत, मध्य पहाडमा ४३ प्रतिशत, चुरे क्षेत्रमा १२ प्रतिशत र तराईमा ५ प्रतिशत रहेको छ। संखुवासभा जिल्ला कोशी प्रदेशका जिल्लाहरूमा सबैभन्दा धेरै वनक्षेत्र भएको जिल्ला हो भने झापा सबैभन्दा कम वनक्षेत्रफल भएको जिल्ला हो । कोशी प्रदेशमा राष्ट्रिय निकुन्ज -२, संरक्षण क्षेत्र-१, वन्यजन्तु आरक्ष-१ र रामसार सूचीमा सूचिकृत सीमासार क्षेत्र-३ वटा रहेका छन्।

कोशी प्रदेशमा जम्मा सामुदायिक वन ३,७११ वटा, कबुलियती वन ९८५ वटा, निजी वन २,०८२ वटा, धार्मिक वन ४४ वटा, साझेदारी वन ४ वटा, चक्ला वन १ वटा र सरकारद्वारा व्यवस्थित वनको सङ्ख्या १ वटा रहेको छ।

## १०.२ पर्यटन विकास

राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारको रूपमा रहेको पर्यटन क्षेत्र यस प्रदेशमा प्रचुर सम्भावना बोकेको बहु-विशेषताले भरिपूर्ण रहेको क्षेत्रको रुपमा रहेको छ । कोशी प्रदेशको पर्यटन क्षेत्र बहु-विशेषताले भरिपूर्ण रहेको छ । यस प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा सहित आठ हजार मिटरभन्दा अग्ला हिमशिखरहरूमध्ये ५ वटा यसै प्रदेशमा रहेका छन्। नेपालको संविधानले पर्यटनलाई संघ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटिएको छ । नेपाल सरकारले पहिचान गरेका १०० वटा गन्तव्य स्थलमध्ये ३० वटा धार्मिक तथा रमणीय स्थल यस प्रदेश अन्तर्गत पर्दछन् जसमा बराहक्षेत्र, पाथीभरा, हलेसी महादेव, कन्याम, तीनजुरे-मिल्के-जलजले, गुफापोखरी जस्ता प्रमुख गन्तव्य रहेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०८१ अनुसार कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्र (आवास तथा भोजन सेवा)को योगदान २.३ प्रतिशत रहेको छ ।

(ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४४.४४ | ४४.४६ | ४४.५६ | ४४.६६ | ४४.८० |
| २. | वृक्षारोपण | हेक्टर | १५३ | १६५ | १७२ | १८६ | १९८ |
| ३. | काठ उत्पादन | लाख क्यु.फि | २८७.९ | ३२१.६ | ३५०.० | ४००.० | ४४५.५ |

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ४. | दाउरा उत्पादन | चट्टा | ८१३८ | ६३६१ | ६८५० | ७४८० | ८२०० |
| ५. | राजस्व (वन रोयल्टी) | रु. लाखमा | २४९६ | २५५० | २८६० | ३१२० | ३५५० |
| ६. | मू.अ. कर (वन तर्फ) | रु. लाखमा | ८१९९ | ८६५७ | ९०५० | ९४८० | ९८१० |
| ७. | प्रदेश सेवा शुल्क | रु. लाखमा | ५३६ | ८६० | १०४५ | १३२५ | १६२० |
| ८. | पानी मुहान र सिमसार क्षेत्र संरक्षण | संख्या | ३९ | ५० | ५५ | ६० | ६८ |
| ९. | सडकसँग भू-संरक्षण कार्यक्रम | कि.मि. | १४ | २५ | ३० | ३५ | ४० |
| १०. | वायोइन्जिनियरिङ खोला किनारा संरक्षण | कि.मि. | ३६ | ७० | ९० | ११० | १३० |
| ११. | जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम | स्थान | १९ | २६ | ३० | ३४ | ३७ |
| १२. | कोशी प्रदेशका हिमाल पर्वतारोही | संख्या | १११८ | १५०० | १६५० | १८४५ | २१०५ |
| १३. | पर्यटकीय स्थलको होटल | संख्या | ३३ | ३६ | ४० | ४२ | ४५ |
| १४. | होमस्टे | संख्या | ५६ | १०५ | १३५ | १७५ | २०० |
| १५. | ट्रेकिङ, टुर र पोर्टर गाइड | संख्या | ४५९ | ४७० | ४८७ | ४९५ | ५१० |

## (ग) पर्यटन, वन तथा वातावरण मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तहमा हस्तान्तरण (सशर्त अनुदान) | प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक /विशेष अनुदान |
| २०८१/८२ | २८२५१८९ | १३९२४६८ | १०३१३८० | ४०१३४१ | २३९४०१० | ४३११७९ | ० |
| २०८२/८३ | ३३९१२०३ | १७८५१७३ | ११५०००० | ४५६०३० | २८८५२०३ | ४५६००० | ५०००० |
| २०८३/८४ | ३९०५८७२ | २०१९२९२ | १३६०००० | ५२६५८० | ३३३६३७२ | ५१२६०० | ५६९०० |

(घ) **कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण** (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| ब.उ. शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाको अवधि/प्रकृति | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३२९० ००११ | हात्ती प्रभावित क्षेत्रमा वाली विमा कार्यक्रम | मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन | सालबसाली | १०००० | बीमा तथा राहत प्रदान हुने। |
| ३२९० ०१०२ | वनजन्तुबाट हुने क्षतिको राहत | | सालबसाली | १०००० | |
| | कार्यालय भवन, आवास तथा कम्पाउण्ड वाल मर्मत सम्भार तथा रंगरोगन | भवन संरक्षण | २०८१/८२ | ११००० | कार्यालय व्यवस्थापन र सेवा प्रवाह अभिवृद्धि |
| ३२९० २०११ | डिभिजन /सव डिभिजन भवन स्तरोन्नति र सुधार खर्च | कार्यालय व्यवस्थापन | सालबसाली | ६४०० | |
| ३२९० ३१०१ | सिमसार/पोखरी जलाधार व्यवस्थापन | भू- तथा जलाधार क्षेत्रको संरक्षण गर्ने। | सालबसाली | १४००० | भू- तथा जलाधार संरक्षण हुने। |
| | सडक संग भू-संरक्षण | | सालबसाली | ५००० | |
| | वायो इन्जि. खोला किनारा संरक्षण | | सालबसाली | ३५५०० | |
| | एकिकृत भूस्खलन नियन्त्रण | | सालबसाली | २०००० | |
| ३२९० ००११ | पदमार्गमा आधारित पर्यटन विकास परियोजना | पर्यटन प्रवर्द्धन गर्ने | सालबसाली | ५००० | पदमार्ग निर्माण हुने |
| ३२९० ४०११ | कोशी प्रदेश पर्यटन वर्ष | " | २०८१/८२ | १००००० | पर्यटक वृद्धि भएको हुने। |
| | चतराधाम कुम्भस्थलमा अधुरो प्रवचन स्थल निर्माण | कुम्भ मेला व्यवस्थापन | २०८१/८२ | १०००० | प्रमुख पर्यटन स्थलको विकास र प्रवर्द्धन हुने। |
| | ऐतिहासिक गौरादह पोखरी पर्यटन पुर्वाधार विकास, गौरादह, झापा | पर्यटकीय पूर्वाधार निर्माण | क्रमागत | ४०००० | |
| | बराहक्षेत्र मन्दिर पर्यटन पुर्वाधार निर्माण, सुनसरी | " | क्रमागत | २०००० | |
| | सिलौटी-लत्रिकुटी क्षेत्रको डि.पि.आर. कार्यान्वयन | " | बहुवर्षीय | ४०००० | |
| | सन्सारी माईथान पर्यटकिय पुर्वाधार विकास, रंगेली, मोरङ | " | बहुवर्षीय | ३०००० | |
| | मुसाफिर खाना भवन निर्माण, विराटनगर, मोरङ | " | बहुवर्षीय | १०००० | |
| | हलेसि महादेव मन्दिर पर्यटन पुर्वाधार निर्माण , खोटाङ | " | क्रमागत | २०००० | |
| | मत्स्यगंधा फनीपार्क निर्माण, कोशी ६, ७, सुनसरी | " | बहुवर्षीय | ८०००० | |
| | पाथिभरा माता पर्यटन पुर्वाधार निर्माण, ताप्लेजुङ | " | क्रमागत | २०००० | |

# परिच्छेद ११
# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

(क) पृष्ठभूमि

## ११.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास

राष्ट्रिय तथ्याङ्क कार्यालयकोप्रतिवेदन, २०८१ अनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.८ प्रतिशत रहेको छ भने कृषिको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान २१.६ प्रतिशत रहेको छ।राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको कुल जनसंख्या मध्ये ६२.७ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा आवद्ध रहेका छन्। यसैगरी खेतीयोग्य जमिन र पशुपंक्षी दुवै भएका परिवार ५४.१ प्रतिशत रहेका छन्। कृषि गणना, २०७८ अनुसार कोशी प्रदेशमा५ लाख ३२ हजार ९३७ हेक्टर जमिन**कृषि चलनमा** रहेको छ।

कृषि क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न दिइने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई कार्यान्वयन गर्ने उद्देश्यले **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७** कार्यान्वयनमा रहेको छ। पछिल्लो समयमा प्रदेश सरकारले कृषि क्षेत्रको प्रवर्द्धनको लागि अनुदानको कार्यक्रमलाई परिमार्जन गर्दै कृषि कर्जामा ब्याज अनुदान प्रदान गर्ने नीति अवलम्बन गर्दै आएको छ।

## ११.२ सहकारी क्षेत्र

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मूल आधारको रूपमा आत्मसात गरेको छ। सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप सर्वसाधारण माझ छरिएर रहेको श्रम, पूँजी, प्रविधि तथा सीपलाई एकीकृत गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सहकारी संस्थाको सञ्चालन, नियमन र प्रवर्द्धन गर्न **प्रदेश सहकारी ऐन, २०७६** कार्यान्वयनमा रहेको छ। प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयका अनुसार २०८० असारसम्म प्रदेशमा १ हजार ७७ र स्थानीय तहमा ३ हजार ८ सय ३६ सहकारी दर्ता भई सञ्चालनमा छन्। प्रदेश र स्थानीय तहमा दर्ता भएका सहकारीमा २१ लाख ७२ हजार ६ सय ४४ व्यक्ति आबद्ध रहेका छन् भने १४ हजार २ सय ३५ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन्। 

## ११.३ उद्योग, वाणिज्य तथा आपूर्ति

उद्योग क्षेत्र अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको छ।संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार आ.व.२०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १५.९ प्रतिशत रहने अनुमान छ । २०८० चैत्रसम्म कोशी प्रदेशमा दर्ता भएका ठूला, मझौला र साना गरी कुल ८२ हजार ४ सय ९७ उद्योग दर्ता भएका छन्। त्यस्तै यस अवधिमा कोशी प्रदेशमा कुल ९५ हजार ५ सय ४६ लघु, घरेलु तथा साना उद्योग दर्ता भएका छन्।प्रदेश अन्तर्गत दर्ता भएका उद्योगमा प्रस्तावित कुल लगानी रु. ९० अर्ब ६८ करोड र कुल प्रस्तावित रोजगारी १ लाख २० हजार ३ सय ३० रहेको छ। प्रदेश अन्तर्गतका निकायमा दर्ता रहेका व्यापारिक फर्म तथा प्रतिष्ठानको सङ्ख्या १९ हजार ९ सय ६९ रहेको छ। अन्तर्राष्ट्रिय व्यापारका हिसाबले महत्त्वपूर्ण विराटनगर (रानी) र काँकडभिट्टा जस्ता नाका यसै प्रदेशमा पर्दछन् ।

## ११.४ खानी तथा खनिज सम्पदा

नेपालको संविधान अनुसार खानी अन्वेषण तथा व्यवस्थापनलाई प्रदेशको अधिकार सूचिमा रहेको छ । यस प्रदेशमा खानीको प्रचुर सम्भावना रहेको छ । खानी तथा भूगर्भ विभागबाट कोशी प्रदेशका विभिन्न ५६ स्थानमा खानी तथा खनिज पदार्थ खोजतलासको अनुमति प्राप्त भएको छ भने खानी उत्खननको प्रमाणपत्र प्राप्त गर्नेको सङ्ख्या १० वटा रहेको छ। संखुवासभामा क्रिष्टलक्वार्ज, सोलुखुम्बुमा तामा र उदयपुरमा चुनढुंगाको उत्खनन् भईरहेको छ। यसैगरी भोजपुर, संखुवासभामा तामा, धनकुटा, उदयपुर, खोटाङ, तेह्रथुम, इलाममा चुनढुङ्गा, खोटाङ र भोजपुरमा खरीढुङ्गा, महाभारत पर्वत श्रृंखलामा मार्बल, तराई, चुरे पहाड र महाभारतको विस्तृत क्षेत्रमा पेट्रोलियम, तराईको विस्तृत भू-भागमा ग्याँसपाइने प्रारम्भिक अध्ययनले देखाएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०८१ अनुसार यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा खानी क्षेत्रको योगदान ०.४ प्रतिशत रहेको छ ।

### (ख) विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | कृषि भूमिको उत्पादकत्व | मे.टन./ हे. | ३.५ | ४.२ | ४.५ | ४.७ | ४.९ |
| २. | खाद्यान्न उत्पादन | मे.टन. हजार | २९४३ | २८२४ | ३०२१ | ३०९० | ४०५० |
| ३. | खेतीयोग्य जमिनमध्ये खेती गरिएको जमिन | प्रतिशत | ८६.४ | ८७.२ | ८८.५ | ९०.२ | ९१.५ |
| ४. | कुल कर्जा मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जा | प्रतिशत | ११.० | ११.९ | १२.८ | १४.० | १५.२ |
| ५. | कृषि तथा पशुसेवा प्रसारको पहुँच | प्रतिशत | १६ | १७ | १९ | २२ | २३ |
| ६. | कृषि तथा पशुबीमालेख | संख्या | २७,८५८ | ३५,६५० | ६५,८६० | ९६,२१० | १,५५,४०० |
| ७. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १६.८ | १५.९ | १७.० | १८.० | १९.० |
| ८. | उद्योग (ठूला र मझौला) को संख्या | संख्या | ६०७ | ६५१ | ७०० | ७२५ | ७५० |
| ९. | घरेलु तथा साना उद्योग | संख्या | ९४,२२० | ९५,६०० | ९६,९८० | ९८,३०० | ९९,६५० |
| १०. | खानी क्षेत्रको पहिचान | संख्या | ३२ | ५६ | ६२ | ७४ | ७८ |
| ११. | बजार अनुगमन प्रतिष्ठान | संख्या | १५३८ | १६५० | १६८२ | १७३४ | १८३६ |
| १२. | सहकारी क्षेत्रको लगानी | अर्ब | ११.६० | ११.९६ | १२.३५ | १२.८६ | १३.५४ |
| १३. | सहकारीमा प्रत्यक्ष रोजगारी | जना | १४,२३५ | १५,१५० | १५,९६० | १६,६३० | १७,४२० |

## (ग) उद्योग, कृषि तथा सहकारी मन्त्रालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तहमा हस्तान्तरण (सशर्त अनुदान) | प्रदेश स्रोत (राजस्व र समानीकरण अनुदान) | संघ सशर्त अनुदान | संघ समपूरक/विशेष अनुदान |
| २०८१/८२ | २६७७८९२ | २००२०१२ | २४४६३० | ४३१२५० | २३५६४३० | २३४९६२ | ८६५०० |
| २०८२/८३ | ३१९१७२० | २४१८६१० | २८६५४० | ४८६५७० | २८०९८३० | २५६८९० | १२५००० |
| २०८३/८४ | ३७३०३२७ | २८६५२८७ | ३०६००० | ५५९०४० | ३२४४३२७ | ३५०००० | १३६००० |

## (घ) कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आ.व.२०८१/८२ मा रु.५० लाख भन्दा बढी विनियोजन भएको)

| ब.उ. शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३१२० ०००२ | सहकारी संस्था मार्फत प्रवाह भएको कृषि कर्जामा ब्याज अनुदान | कृषि व्यवसाय प्रवर्द्धन, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने। | | १००००० | |
| | बैंक मार्फत प्रवाह भएको कर्जामा ब्याज अनुदान | | | २५०००० | |
| | वित्तीय संस्था मार्फत प्रवाह भएको कृषि कर्जामा ब्याज अनुदान | | | १००००० | |
| ३१२० ००११ | चिया प्लकिङ ब्याग खरिद तथा वितरण | | | ५००० | |
| | चिया प्लकिङ मेशिन खरिद तथा वितरण | | | ५००० | |
| | अन्तराष्ट्रिय चिया सम्मेलन | | | १५००० | |
| | प्राङ्गारीक मल प्रयोगमा अनुदान | | | १३००० | |
| | प्रदेशमा उत्पादित घिउ तथा धुलो दुध निर्यातमा प्रोत्साहन अनुदान | | | १०००० | |
| | प्राकृतिक प्रकोप तथा महामरी रोग नियन्त्रण (बर्डफ्लु रोग लगायत) | | | ५००० | |
| | संकटग्रस्त सहकारी कार्यालय व्यवस्थापन खर्च | सहकारी प्रवर्द्धन गर्ने। | | १५००० | |
| ३१२० १०११ | कार्यालयको अपूर्ण भवन निर्माण | कार्यालय भवन निर्माण | | ५००० | |
| ३१२० २०११ | गाईको सेक्स सिमेन खरिद | पशु व्यवसाय प्रवर्द्धन र उत्पादन वृद्धि | | १०००० | |
| | FMD vaccine खरिद | | | ३०००० | |
| ३१२० ४००२ | औद्योगिक मेला सहयोग कार्यक्रम | उद्योग, व्यवसायको प्रवर्द्धन र विकास | | ५००० | |
| | उद्यम विकास सम्वद्ध संस्थासँगको सहकार्यमा वृद्धिमुखी उद्यमशीलतार रोजगारी प्रवर्द्धन कार्यक्रम सञ्चालन | | | २०२०० | |
| | लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुको | | | १००००० | |

| ब.उ. शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि | विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | प्रदर्शनी तथाबिक्रीस्थल निर्माण | | | | |
| ३१२९ ११२७ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना(संघ शसर्त अनुदान) | फलफुल खेती प्रवर्द्धन | | २००८३२ | |

# परिच्छेद १२
# प्रदेश सभा सचिवालय

## १. पृष्ठभूमि

संविधानको भाग १४ (धारा १७५-१९६) मा प्रदेश व्यवस्थापिका सम्बन्धी व्यवस्था छ । कोशी प्रदेश सभामा प्रत्यक्षनिर्वाचित सदस्य ५६ र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ३७ गरी जम्मा ९३ जना सदस्य रहने व्यवस्था छ । कोशी प्रदेश सभाको मातहतमा ७ वटा विषयगत समिति रहेका छन्। जसमा न्याय, प्रशासन तथा विधायन समिति; सुशासन तथा योजना समिति; अर्थ समिति; सार्वजनिक लेखा समिति; सामाजिक विकास समिति; उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति रहेका छन्।

मिति २०७४ माघ १७ गते प्रदेश सभा सचिवालयको स्थापना भएको हो। प्रदेश सभाको पहिलो कार्यकालमा २०७४ माघ २२ गते प्रदेश सभाको पहिलो बैठक बसी कार्य प्रारम्भ भएकोमा सो कार्यकालमा जम्मा १० वटा अधिवेशन सम्पन्न भएको थियो भने हाल प्रदेश सभाको दोस्रो कार्यकाल चलिरहेको छ।

## २. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | ऐन तर्जुमा | संख्या | ५७ | ६४ | ६८ | ७० | ७२ |
| २. | ऐन संशोधन | संख्या | ६ | १० | १३ | १५ | २० |
| ३. | विषयगत समितिको बैठक | संख्या | ७ | २८ | ३५ | ४० | ४९ |
| ४. | स्थानीय तहसँग अन्तरक्रिया | संख्या | ५ | ६ | ९ | १० | १३ |
| ५. | प्रदेशका मन्त्रालयसँग छलफल तथा अन्तरक्रिया | संख्या | ३ | ४ | ५ | ६ | ९ |

## ३. प्रदेश सभा सचिवालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | संघ सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८१/८२ | २४८८०८ | २४३४८८ | ५३२० | २४८८०८ | | |
| २०८२/८३ | २५९३२७ | २५६८२७ | २५०० | २५९३२७ | | |
| २०८३/८४ | २६३३१७ | २६१८१७ | १५०० | २६३३१७ | | |

## ४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | २०८१/८२ को विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- | --- |
| २०२०००११/१२ | बिषयगत समितिहरुका लागि कार्यक्रम | समितिहरुको उद्देश्य र कार्यक्षेत्र अनुसार कार्यसम्पादन गर्ने र संसदीय निगरानी हुने। | साल बसाली | ८००० | समितिहरुको कार्यतालिका अनुसार कार्य सञ्चालन हुने। |
| | स्थानीय निकाय र प्रदेश सभा सचिवालयका बीचमा अन्तरक्रिया कार्यक्रम | कानुन निर्माणमा सामञ्जस्यता कायम गर्ने,कार्यमा दोहोरोपनाको अन्त्य गर्ने। | साल बसाली | ३५०० | स्थानीय तहसँग छलफल तथा अन्तरक्रिया हुने |
| | विद्यालयसँग प्रदेश सभा | कानून तर्जुमा प्रक्रिया र प्रदेश सभाको भूमिका बारे सचेतना अभिवृद्धि गर्ने। | २०८१/८२ | १९५६ | कार्यतालिका अनुसार सम्पादन हुने। |
| | अन्य कार्यक्रम, छलफल, सुझाव संकलन | क्षमता अभिवृद्धि गर्नु, विधेयक माथि छलफल तथा सुझाव संकलन गर्नु। | साल बसाली | ५८०० | वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन हुने। |
| | नियमित अनुगमन | कानून कार्यान्वयन, आयोजना तथा कार्यक्रम सञ्चालन, सेवा प्रवाह र जनसरोकारको विषयमा अनुगमन गर्ने। | साल बसाली | ७५८४ | सबै निर्वाचन क्षेत्रमा नियमित अनुगमन भई प्रतिवेदन प्राप्त हुने। |

# परिच्छेद १३
# प्रदेश योजना आयोग

## १. पृष्ठभूमि

प्रदेश सरकारको मिति २०७५ साल कार्तिक १४ गतेको निर्णयानुसार प्रदेश योजना आयोग गठन भएको हो। मुख्यमन्त्री आयोगको अध्यक्ष रही एक जना उपाध्यक्ष तथा चार जना सदस्य गरी पाँच जना पदाधिकारी रहने व्यवस्था गठन आदेशमा रहेको छ । साथै एक जना नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी सदस्य-सचिव रहने व्यवस्था छ ।

प्रदेश योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०७५ अनुसार प्रदेशको समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्नु आयोगको मुख्य जिम्मेवारी रहेको छ। प्रदेशस्तरीय आयोजना छनोट तथा वर्गीकरणसम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० बमोजिम आयोजना छनौट र व्यवस्थापन गर्ने, प्रदेशमा सञ्चालित योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने, तथ्याङ्क प्रणालीको स्थापना तथा सञ्चालन गर्ने, योजनाका विभिन्न पक्षको विषयमा अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्ने, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने कार्य यस आयोगको मुख्य जिम्मेवारी हो । आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति नीति तथा योजना तयार गर्ने पनि यस आयोगको मुख्य कार्यक्षेत्र रहेको छ ।

## २. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ उपलब्धि | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | प्रदेश स्तरीय विकास समस्या समाधान समिति र उप-समितिको बैठक | संख्या | ० | ० | ६ | ६ | ७ |
| २. | वार्षिक योजना तर्जुमा गोष्ठी | संख्या | ० | ० | १४ | २८ | ५६ |
| ३. | नविन अनुसन्धानात्मक दस्तावेज | सङ्ख्या | १ | ० | २ | ३ | ४ |
| ४. | प्रादेशिक आयोजनाको अनुगमन | पटक/ संख्या | १३ | १४ | २२ | २५ | ३० |
| ५. | बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | पटक/ संख्या | ११ | ३ | १४ | १४ | १४ |
| ६. | कार्यविधि मापदण्ड निर्देशिका निर्माण | संख्या | ० | १ | २ | ३ | ४ |

## ३. प्रदेश योजना आयोगको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८१/८२ | ५४३२८ | ५२८२८ | १५०० | ५४३२८ | | |
| २०८२/८३ | ६७८२४ | ६६८२४ | १००० | ६७८२४ | | |
| २०८३/८४ | ८७७७२ | ८७२७२ | ५०० | ८७७७२ | | |

## ४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | २०८१/८२ को विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३९१०००१ | प्रदेश स्तरीय विकास समस्या समाधान समिति र उपसमितिको बैठक | नियमित समीक्षा तथा विकास निर्माणमा सहजीकरण गर्ने। | साल बसाली | १०११ | समय तालिका अनुसार बैठक |
| | प्रथम आवधिक योजना अन्तिम समिक्षा | उपलब्धि समीक्षा तथा पृष्ठपोषण प्राप्त हुने। | २०८१/८२ | १९०० | प्रतिवेदन प्रकाशन हुने |
| | दोस्रो आवधिक योजनाको अंग्रेजी अनुवाद | अध्ययन अनुसन्धानमा उपयोग हुने। | २०८१/८२ | ६०० | अंग्रेजी अनुवाद तयार हुने |
| | आयोजना छनौट तथा आयोजना बैंक सम्बन्धी अभिमुखिकरण कार्यक्रम | आयोजना छनौट व्यवस्थित हुने। | साल बसाली | ६००० | सबै जिल्लामा अभिमुखीकरण हुने |
| | आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण | कार्यसञ्चालन व्यवस्थित हुने। | साल बसाली | २०० | कानून तर्जुमा भएको हुने |
| | वार्षिक योजना तर्जुमा गोष्ठी | योजना छनौटलाई प्रभावकारी बनाउने। | साल बसाली | १००८ | सबै जिल्लामा गोष्ठी हुने |
| | बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | शिशु तथा सुत्केरी महिलाको स्वास्थ्य सुरक्षा | साल बसाली | ३२४ | सबै पालिकामा अनुगमन हुने। |

# परिच्छेद १४
# प्रदेश लोक सेवा आयोग

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगको व्यवस्था भए बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम मिति २०७६/१०/०९ गते कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो। प्रदेश निजामती सेवाको पदका साथै स्थानीय सरकारी सेवा,प्रदेश अन्य सरकारी सेवा, प्रदेश प्रहरी सेवा र सङ्गठित संस्थाहरूका लागि योग्य र दक्ष उम्मेदवार छनौट गरी विभिन्न पदहरूमा नियुक्तिको लागि सिफारिस गर्ने आयोगको कार्यक्षेत्र रहेको छ। योग्यता, निष्पक्षता, स्वच्छता र समावेशीताको मूल सिद्धान्तलाई अवलम्बन गर्ने गरी प्रदेश लोक सेवा आयोगको छुट्टै प्रतिक चिन्ह (Logo) समेत तयार भएको छ।

## २. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | पदपूर्तिका लागि विज्ञापन प्रकाशन | सङ्ख्या | २४ | ३० | ३५ | ४० | ४५ |
| २ | नियुक्ति तथा सिफारिस | सङ्ख्या | ४०९ | १२५० | १५०० | १७०० | ११०० |
| ३ | कानून बमोजिम परामर्श तथा अन्य क्रियाकलाप | सङ्ख्या | १२२ | १०० | ९० | ८० | ६५ |
| ४ | जग्गाप्राप्ति तथा भवन निर्माण | सङ्ख्या | ० | ० | ० | १ | १ |
| ५ | अनुगमन, निरीक्षण | पटक | ३ | ५ | ८ | १० | १३ |
| ६ | पाठ्यक्रम निर्माण तथा परिमार्जन | सङ्ख्या | ७२ | २५ | २५ | २५ | २० |
| ७ | अभिमुखीकरण, तालिम तथा गोष्ठी | सङ्ख्या | ३ | ४ | ५ | ५ | ५ |

## ३. प्रदेश लोकसेवा आयोगको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | संघ सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८१/८२ | ९८४०० | ९०१०० | ८३०० | ९८४०० | | |
| २०८२/८३ | ११९६९० | १०४६९० | १५००० | ११९६९० | | |
| २०८३/८४ | १३१६५९ | १११६५९ | २०००० | १३१६५९ | | |

## ४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाअवधि | २०८१/८२ को विनियोजन (रु. हजारमा) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २१०००१०३ | प्रदेश लोक सेवा आयोग(पदाधिकारी सुविधा) | प्रदेश संवैधानिक निकायको हैसियतले कार्य सम्पादन गर्ने | सालवसाली | ५१८५ | • नीति निर्माण, परामर्श प्रदान भएको हुने,<br>• आयोगबाट लिइने विभिन्न पदहरुको परीक्षा सञ्चालन गरी उम्मेदवारहरुको सिफारिस भएको हुने,<br>• निर्माण गर्न बाँकी रहेका विभिन्न तहका पदको पाठ्यक्रम निर्माण तथा परिमार्जन भएको हुने,<br>• संस्थागत सुधार , सेवा आयोगको न्यूज लेटर, वार्षिक प्रतिवेदन, स्मारिका आदि प्रकाशन भएको हुने,<br>• आयोगको आफ्नै कार्यालय भवन निर्माण भएको हुने,<br>• दक्ष जनशक्ति पदपूर्तिका लागि सिफारिस भएको हुने |
| २१०००११३ | प्रदेश लोक सेवा आयोग(प्रशासनिक खर्च समेत) | पारिश्रमिक तथा प्रशासनिक व्यवस्थापन | सालवसाली | ५१८४८ | |
| | लोकसेवा आयोग कार्यसञ्चालन तथा व्यवस्थापन खर्च | स्वीकृत वार्षिक कार्यतालिका अनुसार विभिन्न पदहरुको परीक्षा सञ्चालन देखि सिफारिस सम्मका कार्य सम्पन्न गर्ने | सालवसाली | ३८७३७ | |
| | अनलाइन पदपूर्ति व्यवस्थापन प्रणाली स्थापना तथा मर्मत | आयोगको कामलाई छिटो, छरितो र प्रभावकारी बनाउने | सालवसाली | १४०० | |
| | अन्तरक्रिया, पाठ्यक्रम निर्माण तथा परिमार्जन, रणनीतिक योजना कार्यान्वयन | स्थानीय तहका कर्मचारीहरूको पदपूर्तिका सम्बन्धमा जानकारी गराई आयोगको कार्यमा सहजता ल्याउने | सालबसाली | १२३० | |

# परिच्छेद १५
# मुख्य न्यायाधिवक्ताको कार्यालय

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने व्यवस्था रहेको छ । नेपालको संविधान र मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र शर्तसम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार मुख्यन्यायाधिवक्ताको नियुक्ति हुने गरेको छ। प्रदेश सरकारको हक-हित वा सरोकार निहित रहेको मुद्दामा मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताबाट प्रदेश सरकारको तर्फबाट प्रतिनिधित्व गरिने व्यवस्था रहेको छ ।प्रदेश भित्रका हिरासतमा रहेका व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने समेत मुख्य न्यायाधिवक्तालाई अधिकार रहेको छ ।

मुख्य न्यायाधिवक्ताले आफ्नो कर्तव्य पालना गर्दा प्रदेश सरकार पक्ष/विपक्ष भई दायर भएका मुद्दा मामिलाका रोहमा प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन भए वा नभएको अनुगमन गर्दछ । फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन,२०७४ अनुसार प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रोबेसन तथा पेरोल बोर्ड रहने छ, जसको नियन्त्रण निर्देशन र सुपरिवेक्षण मुख्य न्यायाधिवक्ताबाट हुने व्यवस्था गरिएको छ । मुख्य न्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयसँग आपसी समन्वय गरी आफ्नो भूमिका निर्वाह गर्दछ ।

## २. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १. | बाल सुधार गृह, कारागार निरीक्षण, हिरासत अनुगमन | पटक | ४ | ६ | १० | १५ | १८ |
| २. | प्रदेशका कर्मचारीलाई कानूनका विषयमा अभिमुखीकरण कार्यक्रम | पटक | २ | ३ | ४ | ६ | ६ |
| ३. | समुदायमा र कानूनका विद्यार्थीसँग अन्तरक्रिया | संख्या | १ | २ | ४ | ५ | ७ |
| ४. | मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीको क्षमता विकास तालिम | सहभागी संख्या | ० | ० | ७ | १४ | २१ |

## ३. मुख्यन्यायाधिवक्ताको कार्यालयको खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | खर्च व्यहोर्ने स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | प्रदेश स्रोत (राजस्व र समानीकरणअनुदान) | संघ सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८१/८२ | २२३३१ | २१९८१ | ३५० | २२३३१ | | |
| २०८२/८३ | ३९८९७ | ३९६४७ | २५० | ३९८९७ | | |
| २०८३/८४ | ४३८८६ | ४३६८६ | २०० | ४३८८६ | | |

## ४. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजनाअवधि | लागतरपुस्ट्याई | | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | | विनियोजन (रु. हजारमा) | पुस्ट्याई | |
| २१३०००१ | मुख्य न्यायाधिवक्ताहरुको राष्ट्रिय सम्मेलन | अनुभव आदान प्रदान, साझा धारणाको विकास, सहकार्य | २०८१/८२ | १२०० | | सबैको उपस्थितिमा सम्मेलन भएको हुने। |
| | प्रदेश सरकारका कर्मचारीलाई विधि विज्ञान सम्वन्धी रलिखित जवाफ तथा कानूनी विषयमा अभिमुखीकरण/छलफल कार्यक्रम | विधि विज्ञान र लिखित जवाफ सम्बन्धी क्षमता अभिवृद्धि हुने। | २०८१/८२ | ७०० | | कार्यतालिका अनुसार कार्यक्रम सञ्चालन हुने। |
| | समुदायमा र कानूनका विद्यार्थीसँग मुख्य न्यायधिवक्ता कार्यक्रम | कानूनी सचेतना अभिवृद्धि गर्ने। | साल बसाली | ३०० | | सचेतना अभिवृद्धि हुने |
| | क्षमता अभिवृद्धि तालिम, रणनीति योजना तयारी र अन्य कार्यक्रम | क्षमता अभिवृद्धि हुने र कार्यसञ्चालन प्रभावकारी हुने। | साल बसाली | ६०० | | तालिम र रणनीतिक कार्ययोजना तयार हुने। |